# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाको पहुँचलाई सर्वसुलभ बनाई पहुँच योग्य वनाउने प्रयासहरु विगतमा भएका शैक्षिक इतीहासहरु प्रशस्तै भेटिन्छन् । लिच्छवी र मल्लकालमा अनियमित र अनौपचारिक शिक्षाको विकाश र विस्तारमा जोड दिएका उदाहरणहरु पनि प्रशस्तमात्रामा रहेका छन् । श्री ५ पृथ्वीनारायण शाहको पालादेखि शिक्षको विकाश गर्न छात्रवृतिको व्यवस्था गरीएको थियो जस अनुसार श्री ५ पृथ्वीनारायण शाहले वैयाकरण केसरीलाई मासिक ५० रुपैया दिई संस्कृत पढ्न र वुद्धिमान सिंहलाई मासिक २० रुपैया छात्रवृति दिई फारसी पढ्न भारत पठाएका थिए (शर्मा, २०५८) ।

सन् २००० मा डकार सम्मेलनले प्रस्तुत गरेको अवधारणा वमोजिम समाहित शिक्षालाई आज विश्वमा प्रयोगमा ल्याईएको छ । शिक्षाको अवसरबाट कोही पनि वञ्चित हुन नपरोस भन्ने उद्देश्यका साथ समाजका सवै वर्ग पेशा, धर्म, लिङ्ग, व्यवसाय, दलित सामाजिक एवं सांस्कृतीक रुपले पिछडिएका विविध खालका वालवालिकाहरुलाई उनीहरुको समस्या, रुचि आवश्यकता तथा चाहनाहरुलाई ध्यानमा राखेर उपयुक्त शैक्षिक वातावरण तयार परिदिने शिक्षा नै समाहित शिक्षा हो । नेपालमा यो कार्यक्रम सञ्चालनार्थ आ.व.२०५६/०५७ देखि डेनमार्कको काउन्टी अफ फाउन्डेशन रोयल डेनिस यूनिभर्सिटी अफ एजुकेशन र शिक्षा तथा खेलकुद मन्त्रालय विच सम्झौता भएको छ (अधिकारी, २०६५) ।

विगत लामो समय देखि अर्थात २०४६ साल पछि दलित समुदायलाई निःशुल्क शिक्षा प्रदान गर्न छात्रवृति वितरण गरीएको छ भनिए पनि वास्तवमा यो सुविधा तथा अधिकारवाट ती वर्ग हालसम्म पनि वञ्चित छन् । त्यसको ज्वलन्त उदाहरण मा.वि. तहसम्म निःशुल्क शिक्षा दिने भने पनि विभिन्न माध्यमबाट जस्तै परीक्षा शुल्क, निर्माण शुल्क, सहयोग शुल्कको नाममा रकम वसुली गरेको पाईन्छ । दलित छात्रवृति भने केही वर्षयता उपयुक्त ठाउँमा पुगेको छ (खाती, २०६५) ।

शैक्षिक उद्देश्य प्रत्याभूती गर्ने उद्देश्य अनुरुप “शिक्षितजन संगठित होऊ र संघर्ष गर” भन्ने दलितका महान नेता तथा भारतइी संविधान मस्यौदाकार डा.भिवराव अम्वेडकरको भनाईलाई आत्मसात गर्दै नेपाल राष्ट्रिय दलित समाज संघले विगत १५ वर्ष देखि छात्रवृति कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसबाट ४००० भन्दा वढी वालवालिका प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । ती मध्ये केही डाक्टर , इञ्जिनियर पत्रकार हुनुका साथै सरकारी, निजी तथा गैर सरकारी क्षेत्रमा राम्रा अवसर पाएका छन् (विश्वकर्मा, २०६५) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५/३४ मा राज्यले महिला , दलित , आदिवारी जनजाती , मधेशी , मुस्लिम लगायत अल्प संख्यक पिछडिएका क्षेत्र तथा समुदाय र दण्डपिडितका लागि सकारात्मक विभेद का आधारमा विशेष व्यवस्था गर्ने निती अवलम्वन गर्नेछ (लाम्गादे, २०६४) ।

२००७ सालको परिवर्तन पछि वनेका सरकारहरुले शिक्षामा विशेष चासो लिएपनि सामाजिक विभेदीकरण का कारणले गर्दा समाज २ वर्गमा विभाजित हुन पुग्यो, सुविधा सम्पन्न वर्ग र सुविधाविहिन वर्ग संयूक्त राष्ट्र सघंले (यु.एन.)को चार्टरमा मानव अधिकारकै रुपमा लिई “सवैका लागि शिक्षा” जस्ता कार्यक्रम मार्फत शिक्षाको पहुँच अभिवृद्धि गराउन शिक्षाको विश्वव्यापीकरण कार्यक्रम सञ्चालन गरेको छ । राष्ट्रिय शिक्षा आयोग २०५५ ले पनि शिक्षाको पहुँच वढाउन दलित तथा जनजाती वालवालिकाहरुका लागि छात्रवृति , निःशुल्क पाठ्यपुस्तक वितरण र भर्नादर वृद्धि अभियानमा लाग्ने सिफारिस गरेपनि धेरै जातजातीहरु राज्यवाट प्राप्त गर्ने अवसर र सुविधावाट वञ्चित छन् , (वाग्ले, ढकाल २०६४) ।

दलित समुदायका वालवालिकाहरुको प्राथमिक तहमा देखिएको न्यून सहभागितालाई वढाउन शिक्षामा तीनीहरुको पहुँच अभिवृद्धि गर्न तथा जोम्टिम सम्मेलनमा सवै राष्ट्रहरुको प्रतीवद्धता सवैको लागि शिक्षा कार्यक्रमको सफलताको लागि झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रमा प्राथमिक तहमा वितरती दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्वन्धि विषयवस्तु नै अध्ययनको प्रमुख विषयवस्तु बनाइएको छ ।

## १.२ समस्याको कथन

सन १९४८ को डिसेम्वरमा संयुक्त साष्ट्रसंघको मानव अधिकार सम्वन्धि विश्वव्यापी घोषणा पत्रको धारा २६ अनुसार विश्वका कुनै पनि राष्ट्रका जनतालाई न्यूनतमरुपमा प्राथमिक तह वा आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार छ भनि उल्लेख गरेको छ । सन १९७० मा संयुक्त राष्ट्रसंघको साधारण सभामा विकासको मूलभूत अभिप्राय सवैलाई बढ्दोअवसर प्रदान गर्नु हो भनि पास गरेको छ । उक्त साधारण सभाको प्रस्तावलाई नै यूनेस्को ले प्राथमिक शिक्षालाई मानिसको न्यूनतम आधारभूत आवश्यकताको रुपमा प्रस्तुत गरी सो उद्देश्य परिपूर्तीका लागि सहयोग र विकाश कार्यक्रमहरु सञ्चालन गर्दै आएको पनि चार दशक वितीसकेको छ तथापि विश्वमा धेरै राष्ट्रहरुले शिक्षा संग समवन्धित मौलिक अधिकारलाई सममान गरी कार्यान्वयन गर्न सकिरहेको छैनन् । विशेष गरि विकाशोन्मुख राष्ट्रहरुको लागि यो समस्या चुनौतीको रुपमा रहेको छ । देशमा वसोवास गर्ने नागरिकहरुलाई शिक्षा प्रदान गर्नु राष्ट्रको दायित्वहो भन्ने सवालमा विगत केही वर्ष यता नेपालले पनि गम्भीर रुपमा लिएको छ । शिक्षाको रुपमा गरिने लगानीबाट प्राप्त ज्ञान, सीप र धारणा देशको वास्तविक पूँजी हो । जसले भविष्यमा प्रतीफल दिन्छ भन्ने यथार्तलाई वोकी शिक्षामा गरिने लगानीमा विगतको तुलनामा वृद्धि गरिएको छ ।

त्यसरी नै सकारात्मक विभेदका आधारमा प्राथमिक तहका छात्रछात्राहरुको निम्ती प्रदान गरिदै आएको छात्रवृतिको रकममा पनि उल्लेख्य रुपमा वृद्धि भएको छ । छात्रवृतिको रकममा गरिएको वृद्धिको अनुपातमा के कस्ता उपलब्धिहरु हासिल भइरहेका छन वा वालुवामा पानी खन्याएको अवस्था छ, विद्यार्थीहरुको कक्षा नियमिता र सहभागिताको अवस्था के छ ?छात्रवृति कार्यक्रमबाट लक्षितवर्ग लाभान्वित हुन सकेको छ ? जस्ता समस्याहरुमा केन्द्रित भई दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव विषयक शोध कार्य गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

वितरित दलित छात्रवृतीले शैक्षिक गुणस्तरमा छात्रछात्राहरुको पढाईप्रतिको रुचीमा के कस्तो प्रभाव पार्न सक्यो वा सकेन ?  वितरण गरिएका छात्रवृतीले पूर्व निर्धारित लक्ष्य कुन हद सम्म पुरा गर्न सकेका छन् ?  वितरण तरिकाको उपयूक्तताको विषयमा अध्ययन गरि प्राप्त तथ्य र निश्कर्ष का आधारमा दलित छात्रवृति कार्यक्रमको मध्यावधिक मूल्याङ्गन गर्ने र

प्रभावकारी देखिएका कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्ने कम प्रभावकारी वा लक्षित समूह सम्म पहुँच पुऱ्याउन नसकेका कार्यक्रमहरुको ढाँचामा परिवर्तन गर्नुपर्ने भएकोले प्रस्तुत अध्ययनको औचित्य ती कुराहरुमा आधारित छ । नेपाल सरकारले प्रा.वि. उमेरका सवै वालवालिकाहरुलार्य प्रा.वि. तहको शिक्षामा पहुँच पुऱ्याउन तथा शैक्षिक क्षति कम गर्नका लागि अधिराज्यका विभिन्न जिल्लाहरुमा विभिन्न प्रकारका छात्रवृतिहरु प्रदान गर्दै आइरहेको छ । छात्रवृतिका आफ्नै उद्देश्य, मर्म र वितरणका आफ्नै आधारहरु हुन्छन् । छात्रवृतिको मर्म अनुसारको यसको वितरण गर्नुपर्ने हुन्छ । जस्ता तथ्य कुरामा आधारित भई यस अध्ययनले सिमित क्षत्रमै भएपनि तथ्यसंगत तरिकाले वश्लेषण गरेको छ । झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रमा प्रा.वि. तहको दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव सम्वन्धी अध्ययनले झापा जिल्ला लगायत यस्तै परिवेशका अन्य जिल्लाहरुको दलित छात्रवृतीको कार्यक्रम सम्वन्धि धारणा निर्माण गर्न सहयोग गर्नेछ । यस पृष्ठभूमीमा अध्ययन क्षेत्रको अध्ययनबाट विद्यमान अवस्था समस्या र समाधानका केही संकेतहरु मिल्न सक्ने र भावी दिनहरुमा यस विषयमा अझै गहन अध्ययनको ढोका खुल्ने अपेक्षाका साथ यस विषयमा अध्ययन गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) झापा जिल्लाका विद्यालयहरुमा वितरण गरिएको प्रा.वि. स्तरिय छात्रवृतिको स्वरुप पहिचान गर्ने ।

ख) अध्ययन क्षेत्रका दलित समुदायका दलित विद्यार्थीहरु र दलित छात्रवृतिको विश्लेषण गर्ने ।

ग) दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्ने ।

घ) दलित छात्रवृति वितरणमा देखिएका समस्याहरु र निराकरणका लागि सुझावहरु प्रस्तुत गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

१. दलित छात्रवृतिले दलित वालवालिकाहरुको कक्षा नियमितता वा उपस्थितीमा के प्रभाव पारेको छ ।

२. विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो परिणाम देखिएको छ ?

३.दलित छात्रवृति वितरणमा देखिएका समस्याहरु के के रहेका छन् ?

## १.६ अध्ययनको परीसीमा

प्राथमिक तहको दलित छात्रवृति कार्यक्रम अधिराज्य भरीका प्रायः सवै जिल्लामा लागु भएको भएतापनि झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रका ११ वटा सामुदायिक विद्यालयका प्रा.वि.तहमा अध्ययन गर्ने सन्थाल (सतार), कामी , दमाई, सार्की, हरिजन, तत्मा, दुसाध, मुसहर, धोवी जातीका विद्यार्थीहरु संग अध्ययन सम्वन्धित छ । अध्ययन क्षेत्रका प्र.अ. शिक्षक, अभिभावक दलित विद्यार्थी, स्रोतव्यक्ती, जिल्ला शिक्षा अधिकारी संग छलफल, अन्तरक्रिया र प्रश्नावली भराई र अध्ययन संग सम्वन्धित निकायबाट २०६४, २०६५ र २०६६ तथ्याङ्कहरु संकलन गरी छात्रवृतिको प्रभावकारतीको रुपमा दलित विद्यार्थीहरुको कक्षा नियमितता शैक्षिक उपलब्धी, छात्रवृति वितरणमा देखिएको समस्या र समाधानका उपायहरुको अध्ययन गरीएको छ ।

शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत स्नाकोत्तर तहको प्रयोजनको लागि गरिने यस अध्ययनले स्रोत साधन र समयको निश्चिततताको कारणले गर्दा नेपाल अधिराज्यभरि वितरण गरिने छात्रवृति र त्यसको सामूहिक प्रतिविम्व र प्रभाव उतार्न सक्दैन । यस अध्ययनले केवल झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रको सामुदायिक प्राथमिक विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थी र अभिभावकहरुलाई दलित छात्रवृतिले पारेका प्रभाव तथा सरोकारवाला अभिभावकहरको छात्रवति सम्वन्धि धारणा तथा छात्रवृति वितरणमा देखिएका समस्याहरु र समाधानका उपायहरुको लागि सुझाव संकलन गरिएको छ । विद्यालयहर स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त तथ्याङ्कहरु र प्रश्नावली मार्फत सूचनाहरु संकलन गरिएको छ ।

अध्ययन झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रका ६ वटा सामुदायिक विद्यालयका प्रा.वि.तहमा अध्ययन गर्ने सन्थाल (सतार) कामी, दमाई, सार्की, हरिजन , तत्मा , दुसाध, मुसहर, धोवी जातिका विद्यार्थीहरु संग सम्वन्धित छ ।

## १.७ शब्दावलीहरुको परिभाषा

यस अध्ययनको सिलसिलामा प्रयोग गरीएका शब्दावली तथा वाक्यांश हरुको अर्थ निम्न वमोजिमको लाग्नेछ ।

| | | |
|---|---|---|
| दलित | : | सामाजिक इज्जत, प्रतीष्ठा समानरुपले पाउन नसकेका जाती, समूह सामाजिक व्यवहारको असमानताले गर्दा शोषणमा परेका वा पिछडीएका जनसमुदायहरु । |
| लक्षित वर्ग | : | दलित छात्रवृति प्राप्त गर्नका लागि किटान गरीएका जातजातीहरु । |
| अभिभावक | : | दलित छात्रवृति प्राप्त गर्न सक्ने विद्यार्थीहरुका बाबु, आमा वा संरक्षक । |
| छात्रवृति | : | शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्रा.वि. तहका दलित वालवालिकाहरुलाई प्रदान गरीने दलित छात्रवृति । |
| प्राथमिक विद्यालय | : | प्रागमिक शिक्षा प्रदान गर्ने विद्यालय । |
| स्रोतव्यक्ति | : | जिल्लालाई शैक्षिक रुपमा विभक्त गरीएको स्रोत केन्द्रका मुख्य व्यक्ति |

सहजै देखिने भर्नादर : $$\frac{\text{प्राथमिक विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी संख्या}}{\text{(५-९) वर्ष उमेरका वालवालिकाहरुको जम्मा संख्या}} \times १००$$

खुद भर्नादर : $$\frac{\text{(६-१०) बर्ष उमेरको जम्मा विद्यार्थी संख्या}}{\text{(५-९) वर्ष उमेरका वालवालिकाहरुको जम्मा संख्या}} \times १००$$

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

रावत (२०६२) ले तयार पारेको शोधपत्रमा दलित छात्रवृति वितरणको प्रभावले दलित समुदायका वालवालिकाहरुको भर्नादरमा वृद्धि भएको , विद्यालयको उत्तिर्णदरमा वृद्धि भएको गरिवी र विपन्नताका कारण छात्रवृति रकमको सही सदुपयोग नभएको, वितरण प्रक्रियाका लागि पनि तलदेखि माथि समम कुनै ठोस् कदम सञ्चालन नभएको प्राप्तीहरु उल्लेखित छन् । दलित छात्रवृति वितरण सम्वन्धि सुझावका रुपमा छात्रवृति वितरण सम्वन्धमा देखिएको समस्याको समाधानकालागि विद्यार्थी संख्याको आधारमा छात्रवृति कोटा वृद्धि गर्नुपर्ने , निश्चित समयमा छात्रवृति वितरण गर्नुपर्ने, वितरण समयमा जि.शि.का.को प्रतिनिधी उपस्थित रहनुपर्ने, छात्रवृति दिनुको औचित्य प्रष्ट पर्नुपर्ने सुझावहरु रहेका छन् ( रावत, २०६२ ) ।

सेरिड नेपाल (२००८)ले गरेको अध्ययन अनुसार व्यक्तिहरुको भौतिक अवस्था, मानसिक अवस्था तथा विस्थापित अवस्थाले वालवालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न सकेको छैन । छात्रवृति तथा पो्त्साहन कार्यक्रमहरु सुविधा विहिन वर्गहरुमा पुग्न नसकेको अवस्था छ । अभिभावकहरुमा चेतनाका अभाव छन् । यी प्राप्तीहरु उल्लेखित छन् । वालवालिकाहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्नका लागि अभिभावकहरुको चेता अभिवृद्धि गर्नु पर्दछ । विद्यलयमा वालमैत्री कक्षा सञ्चालन गरी सहभागिता तथा प्रभावकारी शिक्षण वातावरण बनाउनु पर्ने र छात्रवृति तथा प्रोत्साहन कार्यक्रमहरु सुविधाविहिन वर्गमा पुऱ्याई लक्षित वर्गको शिक्षामा पहुँच अभिवृद्धि गर्नु पर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।

अध्ययन अनुसन्धानवाट प्राप्त प्राप्तिहरुका आधारमा “शिक्षा प्राप्त गर्नु वालवालिकाको नैशर्गिक अधिकार हो” भन्ने सम्वन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्नु । स्थानिय मातृभाषा समूहलाई नै प्राथमिकता दिई कक्षा तीन सम्म शिक्षा प्रदान गर्न प्रयोग गर्नु । प्रभावकारी शिक्षणको लागि वालमैत्री विद्यालय वातावरण वनाउनु । छात्रवृति तथा प्रोत्साहन कार्यक्रमहरु वहुसंख्यक सुविधाविहिन वर्गमा पुऱ्याउनु जस्ता सुझावहरु प्रस्तुत गरीएको छ ।

फर्मेटिभ अनुसन्धान परियोजना (२००८) ले गरेको अध्ययन अनुसार विद्यालयद्धारा पठाइएका छात्रवृति लगायत अन्य तथ्याङ्कहरु जिल्ला शिक्षा कार्यालयले पनि छात्रवृति वितरणका लागि दिएको निर्देशनको पालना नभएको प्राप्तीहरु उल्लेखित छन् । विद्यालयहरु तथा जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरुले उतरदायित्व वहन गरी अभिलेखहरु चुस्तदुरुस्त बनाउनुपर्ने , छात्रवृति वितरण र्निशनहरु सम्वन्धिमा चेतना अभिवृद्धि गराउनु पर्ने सुझावहरु प्रस्तुत गरेको छ ।

वराइली (२०६५) ले आफ्नो लेखमा झापा जिल्लामा सञ्चालित नेपाल छात्रवृति कार्यक्रम राष्ट्रिय दलित समाज कल्याण संघ र सेभ द चिल्ड्रेनको संयुक्त साझेदारीमा संचालित कार्यक्रम हो र यो कार्यक्रम विगत २०४९ सालदेखि निरन्तर रुपमा चल्दै आएको कुरा उल्लेख गर्नुभएको छ । यो कार्यक्रम ५ विकाश क्षेत्रका १५ जिल्लाहरु (झापा, धनकुटा, उदयपूर, सप्तरी, तीवन, कास्की, रुपन्देही, पर्वत, सुर्खेत, दाङ, कैलाली, कञ्चनपुर, भक्तपुर, नुवाकोट र वर्दिया) मा संचालित रहेको कुरा उल्लेख गर्नुभएको छ । ग्रामिण क्षेत्र र शहरी क्षेत्र भित्र रहेको शैक्षिक चेतना र साक्षरता विवरणको दरको अन्तर र नेपालमा विद्यमान जातीय विभेद, लिङ्गइी विभेद, विभिन्न कुसंस्कार तथा कुरितीहरुका कारणले गर्दा विभिन्न जातजातीहरुका विच महिला पुरुष वीच शैक्षिक चेतनाको कारणले गर्दा साक्षरता विवरणमा असमानता रहेको तथ्य उजागर गरीएको छ । नेपाल छात्रवृति कार्यक्रम संचालनका लागि यु.एस.ए.आई.डी. बाट ६ लाख अमेरिकी डलर प्राप्त भएको छ । उक्त रकम विभिन्न अमेरीकी वितीय संस्थाहरुमा लगानीको रुपमा रहेको र उक्त रकमको व्याजवाट यो कार्यक्रम सञ्चालन मा रहेको भनि प्रष्ट पारिएको छ । राष्ट्रिय दलित आयोगमा सुचीकृत दलित समुदयका विद्यालय जाने उमेरका वालवालिकाहरु जो विद्यालय छोड्न वाध्य छन् वा भर्नावाट वंचित छन त्यस्ता वालवालिकाहरलाई ग्राहयता दिई सहयोग पुर्‍याउने कुरा लेखवाट जानकारी गरीएको छ । यस कार्यक्रमको उपलब्धिको रुपमा ८७१ विद्यार्थीहरु यसवाट लाभान्वित भै सकेको र धेरैले रोजगारमा प्रवेश गरीसकेको कुरा उल्लेख गरीएको छ । दलित लगायत सवै वालवालिकाहरुको शैक्षिक विकासको लागि सामाजिक संघ संस्थाको रुपमा दलित समाजिक संस्थाले गरेको भूमीकावाट शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गराउन अहम भूमिका हुन जाने तथ्य नकार्न सकिदैन (वराईली, २०६५) ।

यादव (२०६५) ले डोम मेस्तरको शिक्षा प्रतीको आकर्षण लेखमा दलित डोम मेस्तरहरुको वालवालिकाहरु पनि विद्यालय शिक्षा प्रती आकर्षित भएको कुरा उल्लेखित छ ।

विगतमा सामाजिक विभेदमा परेका यी समुदायका अभिभावकहरुको चाहना समाजमा स्थापित भएर वस्ने भन्ने कारणले गर्दा नै आफ्ना छोरा छोरीहरुलाई विद्यालय पठाउने भनि उल्लेख गरीएको छ । डोम मेस्तरको वस्तिमा रहेका ३० जना विद्याालय जाने उमेरका वालवालिकाहरु मध्ये २२ जना विद्यालय जान थालेको तथ्याङ्क प्रस्तुत गरीएको छ । लेखकको आफ्नो अध्ययन अनुसार डोमका वालवालिकाहरु विद्यालयमा हच्किनुको कारण विद्यालयमा भेदभाव गरीने अन्य समुदायका वालवालिकाहरु संग वेञ्चमा वस्न नदिने र शिक्षकहरुवाट पनि असमान व्यवहार हुन भनि उल्लेख गरीएको छ । दलित छात्रवृति र असहाय छात्रवृतिले यी वालवालिकाहरुमा स्कारात्मक सम्वलनको कार्य गरेको छ ।

दलित तथा विपन्न वर्गका वालवालिकाहरको संख्यात्मक चाप वढ्नु, उतीर्ण प्रतिशत पनि वढी हुनु, विद्यार्थीहरुको कक्षा नियमितता बढ्नु, जस्ता उपलब्धिहरु प्राप्त भएका छन् । शुरुको अवस्थामा शैक्षिक अवस्था अत्यन्त कमजोर रहेका यो समुदायमा जागरण पैदा भएकोले गर्दा उनीहरुलाई पनि राज्यको शैक्षिक अंगको रुपमा समेटी विकास गर्नुपर्ने सुझाव लेखकद्धारा प्रस्तुत भएको छ (यादव, २०६५) ।

अधिकारी (२०६०) ले औपचारिक शिक्षामा आदिवासी , जनजाती र अल्पसंख्यकको सवाल विषयक लेखमा नेपालको समग्रतामा साक्षरता ५३.७५% जसमा ६५% पुरुष र ४३% महिला भएको तथ्य प्रस्तुत गरेर देशले गर्व गर्ने अवस्था नभई नेपालमा साक्षरताको स्थिती दयनिय भएको तथ्याङ्क प्रस्तुत गर्नु भएको छ । नेपाल जस्तो वहुलवादी समाज विद्यमान रहेको देशमा आधा जनसंख्या साक्षर र आधा जनसंख्या निरक्षर रहेकोमा पनि निरक्षरता संख्या आदिवासी जनजाती, अल्पसंख्यक र दलितमा नै रहेको तथ्य लेखद्धारा उजागर गरीएको छ । शक्ति, परिचय र प्रभावशाली सामाजिक समूह भन्दा फरक स्थिती रहेको यीनीहरुको लागि साक्षरताको प्रतिशत पनि अत्यन्त न्यून रहन एक जटिल समस्या भएको कुरा उल्लेख गर्नु भएको छ । लेखको माध्यमवाट सामाजिक रुपमा पछिडिएका शैक्षिक मुलधारमा समाहित हुन नसकेका यी जाती र वर्गमा देखिएका कम्जोरीलाई हटाउने वा कम गर्ने शसक्त माध्यम साक्षरता अभियान, अनौपचारिक शिक्षा कार्यक्रम, विशेष छात्रवृति व्यवस्थापन नै रहेको उपाय लेखमा प्रस्तुत छ । यस लेख मार्फत लेखकले सवैको लागि शिक्षा कार्यक्रमको सार्थकताका लागि अनौपचारिक शिक्षाको माध्यमद्धारा देशमा पछि परेका यी समूहलाई विशेष व्यवस्था गरी साक्षरता वनाई साक्षरता प्रतिशत वढाउने सुझाव प्रस्तुत गर्नु भएको छ (अधिकारी, २०६०) ।

फर्मेटिभ अनुसन्धान परियोजना (२०६०) ले खोटाङ, पर्सा, नवलपरासी, कपिलवस्तु र दार्चुला जिल्लाहरुमा आधारित शैक्षिक सहुलियत कार्यक्रमको प्रभावकारिता विषयमा अध्ययन गरेको छ । प्रस्तुत अध्ययनमा प्राथमिक तहका वालवालिकाहरुका लागि शैक्षिक सहुलियत कार्यक्रम, प्राथमिक तहका सबै छात्रालाई छात्रवृति, दलित छात्रवृति र गैर सरकारी संस्थाबाट सहयोग गरीएको कार्यक्रम समेटी अध्ययन गरीएको छ । शैक्षिक सहुलियत कार्यक्रममा शैक्षिक सहुलियत, व्यवस्थापन समिती सक्रिय सहभागी नभएको, शैक्षिक सहुलियतवारे विद्यालय व्यवस्थापन समितीहरु आफ्नो भुमिका र दायतिव प्रती अनभिज्ञ रहेको कपिलवस्तु जिल्लामा शैक्षिक सहुलियत रकमको दुरुपयोग भएको तथा नियमित अनुगमन तथा रेखदेखको अभावले गर्दा पारदर्शिता नभएको कुरा अध्ययनमा प्रस्तुत गरीएको छ । शैक्षिक विकासकालागि अनुसन्धान केन्द्र त्रिपुरेश्वर (सेरिड नेपाल) काठमाण्डौंले “छात्रा तथा सुविधा विहिन बालकालिकाहरुको लागि छात्रावृति कार्यक्रमको प्रभावकारीता ” नामक अनुसन्धान अनुसार पर्सा , कपिलवस्तु, खोटाङ नवलपरासी र दार्चुला समेत पाँचवटा जिल्लाहरुमा अध्ययन गरी तयार गरेको प्रतिवेदन २००३ अनुसार निम्न लिखित निश्कर्षहरु प्राप्त भएका छन् । सो अध्ययन प्रतीवेदनमा उल्लेख भए अनुसार छात्रवृति वितरण पछि छात्रा भर्ना दर वृद्धि भएको, ६-१० वर्ष उमेरका वालिकाहरुको पुनः प्रवेश दरमा सुधार आएको, ४ वटा जिल्लाहरुमा दलित छात्रवृति असर अध्ययन गर्दा दलित भर्नादर बढेको तर ती जिल्लाहरुमा केटीहरुको लागि छात्रवृति कार्यक्रम पनि लागू भएको हुनाले यसको छुट्टै असर उपलब्ध हुन नसकेको, सहुलियत रकम वितरणमा एकरुपता नभएको, कतीपय सुविधाविहिन वालवालिकाहरु प्रारम्भिक सर्वेक्षण सूचिमा छुटेको कारण उनीहरुले सहुतीयत प्राप्त गर्न नसकेको निश्कर्षहरु प्राप्त भएका छन् । फर्मेटिभ अनुसन्धान परियोजना फेज I (१९९८) ले गरेको अनुसन्धानमा विभिन्न शैक्षिक सहुलियतले केटीहरुको आधारभूत तथा प्राथमिक शिक्षामा पारेको असरको मूल्याङ्कन गरीएको छ । पुरस्कार योजनाको प्रभावकारी कार्यक्रम नभएको देखिएको छ । यसले सबै छात्राहरुलाई छात्रवृति दिनुपर्दछ भन्ने सुझाव पेश गरेको छ (फर्मेटिभ अनुसन्धान परियोजना ,१९९८) ।

फर्मेटिभ अनुसन्धान परियोजना फेज II (१९९८) को प्रतिवेदन अनुसार प्रोत्साहन कार्यक्रमले प्राथमिक तहमा केटीहरुको भर्ना वृद्धि भएको, छात्रवृति कार्यान्वयनका लागि समुदयमा सचेतना जस्ता कार्यक्रमहरु पनि सञ्चालन गर्नुपर्छ भन्ने निश्कर्षहरु प्राप्त भएका छन् । (फर्मेटिभ अनुसन्धान परियोजना फेज II ,१९९८)

प्राथमिक विद्यालय छात्रवृति तथा पोशाक वितरण कार्यक्रम (नेपाल) १९८६ ले पोशाक र छात्रवृति समयमा नै वितरण नगरीएको, वितरणमा निश्चित मापदण्ड नवनाइएको, कतीपय विद्यालयहरुले प्रोत्साहन नपाएको, छात्रवृति रकम र पोशाकको रकमको सहि सदुपयोग नभएको निश्कर्षहरु निकालेका छन् । दलित छात्रवृति प्रभावकारिता अध्ययन प्रतिवेदन (२०५६) का अनुसार दलित छात्रवृति कोटाहरुको कमी भएको, दलितहरुको तथ्याङ्क गा.वि.स./न.पा.मा अध्यावधिक नभएको, कती जना विद्यालय उमेरका केटाकेटीहरु विद्यालयमा भर्ना भएका छैनन् भन्ने सम्वन्धमा जानकारीमा आउन नसकेको, विद्यालयमा भर्ना भएका विद्यार्थी बाहेक छात्रवृतिले विद्यालय बाहिर केटाकेटीहरुलाई आकर्षण गर्न नसकेको, BPEP ले दलित समुदायका लागि बैकल्पिक छात्रवृति कार्यक्रमको व्यवस्था गर्नुपर्ने प्राप्तिहरु प्राप्त भएका छन् ।

फर्मेटिभ अनुसन्धान परियोजना (२०६०) ले मुस्लिम वालवालिकाहरुको शिक्षामा पहुँच विषयमा अनुसन्धान प्रस्तुत गरेको छ । अध्ययनको प्रमुख क्षेत्र रुपन्देही जिल्लाका दुई वटा गा.वि.स.हरु वनाइएको अध्ययनको मुख्य प्राप्ति मुस्लिम समुदायको शिक्षाप्रतीको अवधारणा सामाजिक अवस्था, आर्थिक अवस्था र शैक्षिक अवस्था प्रस्तुत गरीएको छ । अध्ययनमा मुस्लिम समुदायका वालवालिकाहरुको शिक्षामा पहुँच पुग्न नसकेका कारक तत्वहरु धार्मिक शिक्षाको प्रभाव, सांस्कृतीक भिन्नता, गरीबी, भाषा र सिपको अभाव , अन्धविश्वास, मदरसा र विद्यालय शिक्षामा भिन्नता, मनोवैज्ञानिक असर र लक्षित समुहलाई छात्रवृतिको अभाव भनि उल्लेख गरीएको छ । अध्ययनमा श्री ५ को सरकारवाट दर्ता भएका सम्पूर्ण मदरसाहरुमा कम्तीमा एक जना विद्यालय शिक्षा पढाउने शिक्षकको व्यवस्था गरी सम्पूर्ण मदरसाहरुलाई दर्ता हुने मुस्लिम विद्यार्थीहरुको लागि विशेष छात्रवृतिको व्यवस्था हुनु पर्ने , मुस्लिम विद्यार्थीहरुको शिक्षण सिकाईका लागि शैक्षिक सामग्री उपलब्ध हुनुपर्ने , पोशाक उपलब्ध गराउनु पर्ने , छात्रवृति वितरणको प्रभावकारी मूल्याङ्कन र अनुगमन हुनुपर्ने साथै मदरसा शिक्षालाई विद्यालय शिक्षावाट वञ्चित हुनेहरुका लागि सवैको लागि शिक्षा एउटा उपयूक्त माध्यम वनाउनु पर्ने सुझावहरु उल्लेख गरीएको छन् ।

समग्रमा उल्लेखित लेख एवं अध्ययन प्रतीवेदनहरुको समीक्षात्मक र विश्लेषणात्मक टिप्पणी गर्दा के पाइन्छ भने दलित समुदयाका वालवालिकाहरु केही मात्रामा भए पनि राष्ट्रद्वारा वितरण गरीएको दलित छात्रवृतिबाट प्रभावित छन् । शिक्षामा गरीएको लगानीबाट अपेक्षा

अनुसारको उपलब्धी हासिल नभए पनि सुधारउन्मुखरुपमा शैक्षिक सुधार र विकास कार्यक्रमहरुले समुदायमा सकारात्मक प्रभाव पारिरहेका छन् भन्न सकिन्छ ।

## २.२ सैदान्तिक खाका

कुनै पनि विषय वस्तुको अध्ययनका लागि सम्बन्धित विषय वस्तुको सन्दर्भमा पहिले भए गरेका शोध अनुसन्धान सुझाव एवं लेखहरु अध्ययन गर्नु पर्ने सान्दर्भिकत्व मानिन्छ । यसका साथै शोध विषयमा सम्वन्धित विद्धानहरु द्धारा प्रतीपादित सैद्धान्तिक अवधारणाको कसीमा विद्यमान समस्याको अध्ययन र विश्लेषण गर्दा शोध वढी प्रभावकारी हुने कारणले गर्दा यस शोध पत्रलाई पाउलो फ्रेरे द्धारा प्रतीपादित उत्पीडित वा दविएकाहरुको लागि शिक्षा१९७० र मास्लोको अभिप्रेरणा सम्वन्धि सिद्धान्त लाई आधार मानेर अध्ययन गरीएको छ ।

फ्रेरे (१९७०) को दविएकाहरुकालागि शिक्षा भन्ने पुस्तकको प्रकाशन पछि शिक्षामा नयाँ चिन्तनको शुरुवात भयो । वर्तमान शिक्षामा आएको नवप्रवर्तनात्मक चिन्तन अनुसार फ्रेरेले शिक्षामा समानता भन्दा पनि न्यायसंगततामा ध्यान पुऱ्याई समाजका उत्पीडितहरुको लागि शिक्षाको व्यवस्था हुनुपर्ने र देशको समुचित विकासको लागि त्यस देशमा वसोवास गर्ने सम्पूर्ण जातजाति र समुदायको शिक्षामा पहुँच अभिवृद्धि गर्नु पर्ने कुरामा जोड दिएका छन् । समाजका पिछडिएका जात जाति र समुदायको शिक्षामा पहुँच नहुँदा कुनै पनि देशले शैक्षिक पक्षघातको अवस्था भोग्नुपर्दछ । समावेशीमूलक शिक्षाको अवधारणाको विकास भएको वर्तमान अवस्थामा सकारात्मक विभेदीकरणका आधारमा पिछडिएका दलित जातिहरु पनि आर्थिक र सामजिक कारणले गर्दा शिक्षाको मुलधारबाट बहिष्कृत भएका छन् । यि जातजातिहरुलार्य शिक्षाको मुलधारमा ल्याउन दलित छात्रवृतिले भुमिका खेल्न सक्ने आधार मानि फ्रेरेको सोचाइ वा चिन्तनलाई अध्ययनको वैचारिक ढाँचाको रुपमा लिइएको छ  (शर्मा, २०६२ बाट उद्धृत) ।

माश्लो ( २०६२ ) का अनुसार जब व्यक्तिलाई कुनै कुराको आवश्यक्ता पर्दछ अनिमात्र उसले क्रियाकलाप गरी आवश्यक्ता पूर्ती गर्ने कुरामा अग्रसर देखिन्छ त्यस कारण मानिसलाई क्रियासिल र सक्रिय वनाउनकालागि उत्प्रेरित गर्नुपर्दछ । माश्लोको अभिप्रेरणा सम्वन्धि सिद्धान्त अनुसार मानिस आफ्नो आवश्यक्ता पूर्तीकालागि विभिन्न क्रियाकलापमा संलग्न रहन्छ र उसले आफ्नो आवश्यक्ताहरु पूरा गरी सन्तुष्टि प्राप्त गर्दछ । माश्लोका अनुसार

आवश्यक्ताहरु अनन्त छन् ती आवश्यक्ताहरुको प्राथमिकता क्रम हुन्छ । मानिसका आधारभूत आवश्यक्ताहरु पूरा नभई अरु आवश्यक्तालाई पूरा गर्ने कुरामा प्राथमिकता देखाउँदैन ।मानिसका शारिरीक आवश्यक्ता पूरा भए पछि मात्र उ शुरक्षात्मक आवश्यक्ता पूर्ती गर्ने तर्फ उत्प्रेरित हुन्छ । त्यस पछि क्रमिक रुपमा सामाजिक आवश्यक्ताहरु पूरा गर्ने प्रयत्न गर्दछ । मानिस सामाजिक प्राणी भएकाले सामाजिक मूल्य मान्यता एवं सामाजिक दायतीव पूरा गर्ने तर्फ उत्प्रेरित हुने गर्दछ । माथिका आवश्यक्ताहरु पुरा भै सकेपछि स्वभिमानको आवश्यक्ता वोध भै शक्ति प्रतीष्ठा र अन्य सामाजिक आवश्यक्ता पूर्तीलाई प्राथमिकीकरण गरी पुरा गर्दछ । नेपालका दलितहरुको आर्थिक तथा सामाजिक स्थितीलाई मध्यनजर गर्दा प्राथमिक शिक्षा निःशूल्क अध्ययन गर्न पाउनु नै पहिलो आवश्यक्ता देखिन्छ । त्यस कारण अध्ययनको वैचारिक ढाचाँमा यो सिद्धान्तलाई आधार वनाइएको छ (सिग्देल, थापा, श्रेष्ठ २०६२ बाट उद्धृत) ।

## २.३ शैक्षिक उपादेयता

विद्यालयका प्र.अ.हरु , शिक्षकहरु, दलित अभिभावकहरु तथा दलित वालवालिकाहरुलाई भराइएको प्रश्नावली,लिइएको अन्तर्वाताका आधारमा यस अध्ययनले दलित वालवालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न नेपालका ग्रामिण क्षेत्रमा वसोवास गर्ने दलित समुदायका लागि शैक्षिक उपादेयताको रुपमा कार्य गर्ने अपेक्षा गरिएको छ । नेपालमा वसोवास गर्ने दलित जातजातीहरुको आर्थिक अवस्था कमजोर भएकोले यस दलित छात्रवृतिले वालवालिकाहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न उत्प्रेरणाको भूमिका निर्वाह गर्नेछ । दलित छात्रवृति वितरणमा देखिएका कमीकमजोरी वा त्रुटिको न्यूनीकरण गर्न नेपल सरकारलाई शैक्षिक निती तथा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्न मद्धत पुऱ्याउने छ । सामाजिक रुपले पिछडिएका दलितहरुको विद्यालयमा कम सहभागिता पाइएको छ र विद्यालय छाड्ने वालवालिकाहरु मध्ये यी जातीहरुको प्रतिशत उच्च देखिएको छ । जनचेतनाको अभाव भएका यी वालवालिकाहरुलाई विद्यलाय सम्म पुऱ्याउन विद्यालयमा भर्ना भएकालाई वाहिरिन नदिन सकारात्मक विभेदीकरणको आधारमा विशेष सहुलियतको रुपमा व्यवस्था गरिएको दलित छात्रवृतिले सकारात्मक भूमिका निर्वाह गर्नेछ ।

# परिच्छेद तीन : अध्ययन विधि

निश्चित उद्देश्य पुरा गर्नका लागि अध्ययन कार्यलाई व्यवस्थित तथा क्रमवद्ध ढंगले अधि वढाउँदै प्रमाणित तथ्यहरुलाई आधार वनाई अध्ययन प्रतिवेदन निकालिनु पर्दछ  भन्ने मान्यतामा रही यो अध्ययन गरीएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्न निम्नानुसारका अनुसन्धान प्रविधिहरु अपनाइएका छन् ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययनकालागि आवश्यक प्रश्नावली र छलफललाई प्रयोग गरिएको छ । यस वाहेक जि.शि.का, जि.वि.स. आदिवाट प्राप्त तथ्याङ्कहरुलाई अध्ययनमा समावेश गरिएको छ । प्रश्नावलीहरु अनुसुचीमा उल्लेख छन् ।

### ३.१.१ नमूना जनसंख्या

यस अध्ययनको क्रममा अध्ययन जनसंख्याको रुपमा अध्ययन क्षेत्रका प्रा.वि. तहमा अध्ययनरत ३० जना दलित वालवालिकाहरु तिनीहरुको अभिभावकहरु, १२ जना शिक्षकहरु, ६ जना प्र.अ.हरु स्रोतव्यक्ति र जिल्ला शिक्षा अधिकारीलाई लिइएको छ ।

### ३.१.२ नमूनाको आकार

यस अध्ययनका लागि झापा जिल्लाको छाघनडुब्बा स्रोतकेन्द्रका विद्यालयहरुवाट ३०% विद्यालयहरु (६ वटा) छनौट गरिएको छ । विद्यालयहरु छनौट गर्दा छाघनडुब्बा गा.वि.स.का २ वटा कुमरखोद गा.वि.स.का २ वटा र शरणामती गा.वि.स.बाट २ वटा विद्यालयहरु छनौट गरिको छ ।

### ३.१.३ नमूना छनौट विधि

टाघनडुब्बा स्रोतकेन्द्रका २० वटा विद्यालयहरुको सूची तयार पारी प्रणालीगत नमुना छनौट विधिको आधारमा २० वटा विद्यालयहरु मध्ये ३ वटा गा.वि.स.हरुका २/२ वटा विद्यालयहरु छनौट गरि अध्ययनमा लिइएको छ

### ३.१.४ नमूना छनौटका आधारहरु

अध्ययन क्षेत्रका दलित विद्यार्थी (पहाडीमूल र तराईमूल) दुवै भएको कारणले गर्दा र आर्थिक तथा सामजिक रुपले पिछडिएको कारणले गर्दा भारतको सीमासंग जोडिएको गा.वि.स. कुमरखोदका विद्यालयहरुमा विशेष गरी तराई मुलका दलितहरुको वसोवास भएको र शरणामतीमा पहाडेमूलका दलितहरुको वसोवास भएको कारणले गर्दा उक्त क्षेत्रमा प्रा.वि. विद्यालयहरुलार्य नमूना छनौट गरी अध्ययन गरिएको छ ।साधन र स्रोतको सिमितताको कारणले गर्दा अध्ययनलाई यस क्षेत्रमा केन्द्रित गरिएको छ ।

## ३.२ अध्ययनका साधनहरु

शोध अध्ययन गर्ने क्रममा आवश्यक तथ्याङ्क र जानकारी संकलनका लागि निम्न अनुसारका साधन प्रयोग गरीएका छन् ।

### ३.२.१ सहभागितात्मक अवलोकन

अध्ययनलाई वस्तुगत र यथार्तको नजिक पुऱ्याउन क्षेत्रगत अध्ययन अवलोकन तथा सम्वन्धित व्यक्तिहरुको छलफल र अन्तरक्रिया गरी आवश्यक तथ्याङ्क र जानकारीहरु संकलन गरीएको छ ।

### ३.२.२ अन्तरवार्ता

शैक्षिक अनुभव प्राप्त जिल्लाका शिक्षाविद एवं छनौट गरीएका जनसंख्याबाट अध्ययन संग सम्वन्धित विभिन्न पक्षको जानकारी लिन छात्रवृति प्राप्त दलित विद्यार्थीहरु, शिक्षकहरु, प्र.अ.हरु, स्रोतव्यक्ती, जि.शि.अ. समेत ८० जना मुख्य सूचनादाताहरु संग सूचना संकलन गर्नुका साथै आवश्यकता अनुसार अन्तरवार्ता लिइएको छ ।

### ३.२.३ प्रश्नावली

अध्ययनको प्रारम्भिक तथ्याङ्क संकलनको आधारको रुपमा प्रश्नावलीलाई लिइएको छ । शिक्षकहरु, प्र.अ.हरु, स्रोतव्यक्ती, जि.शि.अ., विद्यार्थी र दलित अभिभावकहरुलाई अनुसुचीमा राखिएका प्रश्नावली मार्फत आवश्यक तथ्य र तथ्याङ्कहरु संकलन गरीएको छ । त्यसरी नै जि.शि.का. स्रोतकेन्द्र विद्यालय, सम्वन्धित संघ संस्थाहरु तथा शैक्षिक संस्थाबाट प्राप्त अभिलेखहरुलाई स्रोत सामग्रीको रुपमा प्रयोग गरीएको छ ।

## ३.३ तथ्याङ्क स्रोत

यस अध्ययनको लागि प्राथमिक र सहायक गरी २ किसिमका स्रोतहरुबाट तथ्याङ्क संकलन गरीएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रश्नावली र छलफललाई प्राथमिक स्रोतको रुपमा लिइएको छ । प्राथमिक तहका दलित विद्यार्थीहरु शिर्षकहरु, प्र.अ.हरु, दलित अभिभावकहरु, स्रातव्यक्ति र जि.शि.अ.लाई प्रश्नावली भराई ,छलफल गरी तथ्याङ्क संकलन गरीएको छ ।

### ३.३.२ द्वितीय स्रोत

अध्ययनमा प्राथमिक स्रोतका अतीरिक्त (द्वितइी) स्रोतबाट पनि तथ्याङ्क संकलन गरीएको छ । यस अन्तर्गत सम्वन्धित जि.शि.का., छनौटमा परेका विद्यालयहरु र सम्वन्धित संघ संस्थाहरुबाट तथ्याङ्क संकलन गरीएको छ ।

## ३.४. तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

अध्ययनको उद्देश्यलाई पुरा गर्नको लागि विभिन्न स्रोतहरुवाट संकलित तथ्याङ्कलाई विभिन्न माध्यमहरुबाट प्रस्तुत विश्लेषण र व्याख्या गरीएको छ । छात्रवृतिको स्वरुप र किसिमका लागि सम्वन्धित ठाउँबाट संकलन गरीएको तथ्याङ्कहरुलाई तालिकीकरण गरी प्रतीशतको आधारमा व्याख्या र विश्लेषण गरीएको छ । विद्यार्थी नियमितता सम्वन्धित अध्ययन

क्षेत्रका विद्यालयहरुबाट संकलित तीन वर्षको विद्यार्थी हाजिरीलाई तालिकीकरण र स्तम्भ चित्रमा प्रस्तुत गरी प्रतीशतको माध्यमले तुलनात्मक अध्ययन गरीएको छ । शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययनका लागि छात्रवृति प्राप्त गर्ने दलित विद्यार्थीहरुको प्राप्ताङ्कको प्रतीशतलाई १० को वर्ग विस्तारमा बाँडी तालिकीकरणगरी त्यसबाट मध्यक निकाली मध्यकको तुलनात्मक व्याख्या र विश्लेषण गरीएको छ । साथै शिक्षक, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति र जि.शि.अ.लाई भराइएको प्रश्नावलीहरुको पनि व्याख्या विश्लेषण गरी निश्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ छात्रवृति वितरणको वर्तमान अवस्था

जिल्ला भरीका प्राथमिक विद्यालयहरुमा अध्ययन गर्ने दलित विद्यार्थीहरुको आधारमा विद्यालयले माग गरेको संख्याको आधार तथा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले दलित छात्रवृति कार्यक्रम अन्तर्गत उपलब्ध गराएको कुल रकमलाई आधार मानी नियमानुसार न्यूनतम ३५० तथा अधिकतम रु १००० (सिमान्तकृत) वढी नहुने गरी कोटा निर्धारण गरी कोटाको आधारमा विद्यालयको खातामा रकम पठाउँछ । आ.व. २०६६ मा यस जिल्लामा दलित र सिमान्तकृत गरी जम्मा २०२२५ वालवालिकाहरु लाभान्वित भएको पाइयो । यस जिल्लामा प्रा.वि.तहमा दलित तथा सिमान्तकृत र ५०%छात्रा छात्रवृति वितरण गरेको पाइयो । तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण यस अध्ययनको उद्देश्य पुरा गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गरी प्प्ति हुन आएका तथ्य तथ्याङ्कहरुलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरी व्याख्या , विश्लेषण एवं प्रस्तुतीकरण गरिएको छ । प्राथमिक तहमा वितरण गरिने दलित छात्रवृतिले शैषिक उपलब्धिमा पारेका प्रभाव सम्वन्धि अध्ययन गरिएको छ ।

यस अनुसन्धानमा विभिन्न क्षेत्रबाट प्राप्त हुने प्राथमिक तथा द्धितीय तथ्याङ्कलाई तालिकीकरण र अन्य सैद्धान्तिक अवधारणहरुलाई वर्णनात्मक तथा तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरी दलित छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभावको वारेमा थप जानकारी गराउने प्रयास गरिएको छ (स्रोतः-जि.शि.का.योजना विभाग,झापा २०६६) ।

### ४.१.१ अध्ययन क्षेत्रका दलित विद्यार्थी र छात्रवृतिबाट लाभान्वित हुनेको संख्या

शैक्षिक विकासको लागि झापा जिल्लालाई १७ वटा स्रोतकेन्द्रमा विभाजन गरीएको छ । ती मध्ये टाघनडुब्बा स्रोतकेन्द्रलाई अध्ययन क्षेत्र मानी अध्ययन क्षेत्रका ६ वटा सामुदायिक प्रा.वि. विद्यालयहरुको सेवा क्षेत्रलाई शोधपत्र अध्ययनको रुपमा मानी यस स्रोतकेन्द्रका ती विद्यालयहरुका कक्षा १ देखि ५ सम्मको प्रा.वि.तहलाई अध्ययनक्षेत्रका रुपमा लिई ती

विद्यालयहरुका सर्वेक्षण फरामका आधारमा सङ्कलन गरीएको तथ्याङ्कहरुको आधारमा २०६४, २०६५ र २०६६ सालको शैक्षिक सत्रमा देहाय वमोजिमका दलित विद्यार्थीहरु र लाभान्वित दलित विद्यार्थी विवरण रहेको पाइएको छ ।

**तालिका १, दलित विद्यार्थीहरु र लाभान्वित संख्या**

| शै.स. | जम्मा विद्यार्थी विवरण | | | दलित विद्यार्थी विवरण | | | लाभान्वित संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| २०६४ | ९७५ | ९९४ | १९६९ | २९२ | २८८ | ५७० | २८८ | २८० | ५६८ | |
| २०६५ | ९९१ | ९९८ | १९८९ | ३०१ | २९९ | ६०० | २९५ | २९३ | ५८८ | |
| २०६६ | १०५० | १०३३ | २०८३ | ३११ | ३०४ | ६१५ | ३०२ | २९९ | ६०१ | |

**स्रोत :- विद्यालय अभिलेख २०६६**

छनौटमा परेका विद्यालयहरुमा २०६४ मा जम्मा दलित विद्यार्थीहरु ५७० रहेका छन् र लाभान्वित विद्यार्थी संख्या ५६८ रहेको छ । त्यसरी नै २०६५ मा ६०० र लाभान्वित संख्या ५८८ छ । २०६६ सालमा विद्यार्थी संख्या ६१५ रहेको छ र लाभान्वित संख्या ६०१ रहेको छ । सवै दलितका लागि छात्रवृति व्यवस्थापनको कारणले गर्दा लाभान्वित संख्या वढी नै देखिएको छ । तर कहिले काँही फ्ल्यास १ भरीसकेपछि मात्र विद्यार्थी भर्ना हुने कारणले गदौ केही विद्यार्थीहरु छात्रवृति पाउनबाट बञ्चित भएका छन् । सबैको लागि शिक्षा कार्यक्रमको अभिप्राय नै न्यूनतम आधारभूत शिक्षा प्रदान गर्ने भएकोले नेपाल सरकारले सबै दलित विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्थागरि राष्ट्रिय भर्ना अभियान कार्यक्रम र छात्रवृति कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिएको छ । यी कार्यक्रमद्वारा दलित विद्यार्थीहरुलाई विद्यालयसम्म ल्याई शैक्षिकरुपमा पहुँच अभिवृद्धि गर्नका लागि दलित छात्रवृति कार्यक्रमले सकारात्मक विभेधिकरणको आधारमा शिक्षामा न्यायसंगतता भन्ने पाउलो फ्रेरेको सिद्धान्तलाई मुर्तरुप दिने काम भएको छ ।

### ४.१.२ छात्रवृति, वितरण प्रक्रिया र समय

यस झापा जिल्लाको शिक्षा कार्यालय अन्तर्गत टाघनडुब्बा स्रोतकेन्द्र अन्तर्गतका ६ वटा सामुदायिक प्रा.वि.तहमा अध्ययन गरिएको दलित छात्रवृतिको प्रभावकारिता सन्दर्भमा केन्द्रित यस अध्ययनमा दलित छात्रवृति छात्रवृति वितरण प्रक्रिया, छात्रवृति सदुपयोग , छात्रवृति सम्वन्धी जानकारी र प्रचार प्रसार छात्रवृति वितरण समय र छात्रवृतिप्रतिको दृष्टिकोण सम्वन्धमा अध्ययन क्षेत्रका जनसंख्या जिल्ला शिक्षा अधिकारी, स्रोतव्यक्ति, प्र.अ., शिक्षक र दलित अभिभावकलाई भराइएको प्रश्नावली, गराइएका छलफल र अन्तरक्रियाबाट प्राप्त प्रतीक्रियाहरुलाई तालिकामा संकलन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## तालिका २,  छात्रवृति, वितरण प्रक्रिया र समय

| क्र. सं. | विवरण | उत्तरदाताको प्रतिक्रिया (संख्या र प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोत व्यक्ति | जि.शि.अ. |
| १ | छात्रवृति नगद नै वितरण गरियो/गर्नुपर्दछ। | २ (३३%) | ४ (३३%) | २० (६७%) | - | - |
| २ | सामग्री वितरण गरियो/गर्नुपर्दछ। | १(१७%) | २(१७%) | ४(१३%) | - | - |
| ३ | नगद तथा सामग्री वितरण गरियो/गर्नुपर्दछ। | ३ (५०%) | ६ (५०%) | ६ (२०%) | १ (१००%) | १ (१००%) |
| ४ | छात्रवृति सभा समारोह आयोजना गरी वितरण गरियो/गर्नुपर्दछ। | ५ (८३%) | १० (८३%) | २२ (७३%) | १ (१००%) | १ (१००%) |
| ५ | सामान्य प्रक्रियाद्धारा वितरण गरियो/गर्नुपर्दछ। | १ (१७%) | २ (१७%) | ८ (२७%) | - | - |
| ६ | शैक्षिक सत्रको सुरुमा वाडियो/वाड्नुपर्दछ। | ३(५०%) | ६(५०%) | ७ (२३%) | १ (१००%) | १ (१००%) |
| ७ | शैक्षिक सत्रको मध्यमा वाडियो/वाड्नुपर्दछ। | २ (३३%) | ४ (३३%) | २० (६७%) | - | - |
| ८ | शैक्षिक सत्रको अन्तमा वाडियो/वाड्नुपर्दछ। | १ (१७%) | २ (१७%) | ३ (१७%) | - | - |
| ९ | छात्रवृतिको रकम वढाउनु पर्छ। | ६(१००%) | १२ (१००%) | ३० (१००%) | १ (१००%) | १ (१००%) |
| १० | विद्यालयमा प्राप्त रकमलाई दामासाहीले भाग लगाउनु पर्छ। | - | - | ४(१४%) | - | - |
| ११ | गरिब दलित विद्यार्थीहरुलाई मात्र दिनुपर्छ। | २ (३३.३३%) | १ (८%) | २२ (७३%) | - | - |
| १२ | गरिब तथा जेहेन्दारलाई दिनुपर्छ। | २ (३३.३३%) | १० (८४%) | २(७%) | १ (१००%) | १ (१००%) |
| १३ | दलित विद्यार्थीहरुको आर्थिक अवस्थाहेरी वितरण गर्नु पर्दछ। | २ (३३.३३%) | १ (४%) | २ (७%) | - | - |

**स्रोत : स्थतगत अध्ययन, २०६६**

उपर्युक्त तालिकाद्धारा दलित छात्रवृतिवापत नगद तथा सामग्री दुवै वितरण गरिएको प्रभावकारी देखियो । कारण नगद तथा सामग्री दिनुपर्ने वा दिएकोमा प्र.अ.वाट ५०%, शिक्षकबाट ५०%, स्रोत व्यक्ति र जि.शि.अ.बाट १००% नै अभिमत प्रकट भएको छ । त्यसरी नै छात्रवृति सभासमारोह सञ्चालन गरी वितरण गर्नु पर्ने देखियो । वितरण गर्नु समय शैक्षिक सत्रको सुरुमै उपयुक्त देखियो । छात्रवृति वृद्धि गर्नु पर्ने भनाइमा सतप्रतिशत नै सहमत भएको देखियो । त्यसरी नै छात्रवृति कस्लाई दिने सम्वन्धमा गरिब तथा दलित विद्यार्थीहरुलाई दिनुपर्नेमा अभिभावकहरुको बहुमत देखियो भने स्रोत व्यक्ति , जि.शि.अ. र बहुमत प्र.अ. र शिक्षकहरु गरिब तथा जेहेन्दारलाई दिनेमा सहमत देखिए ।

## ४.२ विद्यार्थी नियमितताको अध्ययन

प्राथमिक तहको दलित छात्रवृतिले दलित विद्यार्थीहरुको कक्षा नियमिततामा पारेको असरको अध्ययनका लागि छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको ३ वर्षको हाजिरीलाई आधार मानी निम्न तालिकामा राखि व्याख्या विश्लेषण गरीएको छ ।

**तालिका ३ ,विद्यार्थी नियमितताको तुलनात्मक अध्ययन**

| क.सं. | विद्यालयको नाम | छात्रवृति पाउनु भन्दा अघिको औषत उपस्थिती | छात्रवृति पाए पछिको औषत उपस्थिती | |
|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ |
| १ | भृक’टी प्रा.वि. | १३७ दिन | १८० दिन | १९० दिन |
| २ | जनता उ.मा.वि. | १४७ दिन | १८२ दिन | १८८ दिन |
| ३ | जगदम्वा प्रा.वि. | १३५ दिन | १७० दिन | १८१ दिन |
| ४ | नम”ना प्रा.वि. | १३६ दिन | १७५ दिन | १८५ दिन |
| ५ | कुवाडीदेवी प्रा.वि. | १४५ दिन | १७९ दिन | १८७ दिन |
| ६ | लक्ष्मी प्रा.वि. | १४९ दिन | १६५ दिन | १८९ दिन |
| | औषत उपस्थिति | १४१ दिन | १७५ दिन | १८७ दिन |

**स्रोत : विद्यार्थी हाजिरी वही, २०६४-०६६**

२०६४ सालको छात्रवृति शैक्षिक सत्रको अन्तमा वितरण गरीएको हुनाले २०६४ सालको विद्यार्थी हाजिरीलाई छात्रवृति पूर्वको हाजिरीमा गणना गरीएको छ । यस वर्ष ३० जना विद्यार्थीले छात्रवृति प्राप्त गरेका थिए । तीनै विद्याथीहरुको २०६५ सालको हाजिरीलाई छात्रवृति पश्चातको हाजिरीमा गणना गरीएको छ । यसरी २०६४ मा (छात्रवृति पूर्व) औषत हाजिर १४१ दिन रहेको पाइएको छ । २०६५ सालमा २०६४ को अन्त्यमा छात्रवृति पाएका विद्यार्थीहरुको औषत हाजिरी दिन १७५ रहेको तथ्याङ्कले देखाउँछ । २०६४ को तुलनामा २०६५ को हाजिरी उच्चतम रहेको पाइन्छ । यसरी नै २०६६ मा औषत हाजिरी १८७ दिन रहेको छ । यस बाट के भन्न सकिन्छ भने दलित छात्रवृतिको कारणले दलित विद्यार्थीको कक्षा नियमिततामा सकारात्मक असर परेको छ ।

## ४.३ विद्यार्थीहरुको शैक्षिक उपलब्धि विश्लेषण

दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि विश्लेषणको आधार ती विद्यार्थीहरुको वार्षिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको प्रतीशतलाई गणना गरीएको छ । छात्रवृतिले पारेको प्रभावको अध्ययन २०६४ देखि नै गरीने भएकोले शैक्षिक उपलब्धीको गणना पनि उक्त वर्ष देखि गरीएको छ । २०६४ सालको अन्त्यमा छात्रवृति प्राप्त गरीएको पनि २०६४ सालको शैक्षिक उपलब्धिलाई छात्रवृति पूर्वको उपलब्धीको रुपमा गणना गरीएको छ । २०६५ सालको शैक्षिक उपलब्धिलाई छात्रवृति पश्चातको उपलब्धिको रुपमा लिइएको छ । २०६४ देखि २०६६ सम्म लगातार छात्रवृति प्राप्त गर्ने ६ जना विद्यार्थीहरुको उपलब्धिलाई २०६४ सम्मको उपलब्धि छात्रवृति पूर्वको र २०६५ २०६६ सालको उपलब्धिलाई छात्रवृति पश्चातको उपलब्धिको रुपमा गणना गरीएको छ । प्राप्ताङ्क प्रतिशत (शैक्षिक उपलब्धि) को तुलना तालिकामा राखी गरीएको छ ।

### ४.३.१ औषत शैक्षिक उपलब्धि विवरण

**तालिका ४, औषत शैक्षिक उपलब्धि विवरण**

| क.सं. | विद्यालयको नाम | २०६४ (छात्रवृति वितरण पूर्व) | २०६५ (अघिल्लो सालमा छात्रवृति पाएपछि) | २०६६ (लगातार छात्रवृति पाएपछि) |
|---|---|---|---|---|
| १ | जनता उच्च मा.वि. | २९०(४१.४३%) | ३१०(४४.२८%) | ४४२(६३.१४%) |
| २ | भृकुटी प्रा.वि. | २७४(३९.१४%) | ३१४(४४.८६%) | ४४७(६३.८६%) |
| ३ | जगदम्वा प्रा.वि. | २९१(४१.५७%) | ३१५(४५%) | ४४६(६३.७१%) |
| ४ | नमूना प्रा.वि. | २७४(३९.१४) | ३०८(४४%) | ४०५(५७.८६%) |
| ५ | कुवाडीदेवी प्रा.वि. | २९८(४२.५७%) | ३११(४४.४३%) | ४४६(६३.७१%) |
| ६ | लक्ष्मी प्रा.वि. | ३०५(४३.५७%) | ३९७(५६.७१%) | ४४४(६३.४३%) |
| | औषत उपलब्धि | ४१.६७% | ४६.६६% | ६३.१३% |

**स्रोत : विद्यार्थीहरुको वार्षिक प्रगति विवरण**

२०६४ साल देखि २०६६ सालमा लगातार छात्रवृति प्राप्त गर्ने ३० जना दलित विद्यार्थीहरु को शैक्षिक उपलब्धि देखाइएको छ । तिनीहरुको २०६४ सालमा (छात्रवृति पूर्व) प्राप्ताङ्कको प्रतिशत औषतरुपमा ४१.६७% रहेको छ । तीनै विद्यार्थीहरुको २०६५ सालमा (छात्रवृति पश्चात) प्राप्ताङ्कको औषत प्रतिशत ४६.६६% पुगेको छ । २०६४ को तुलनामा २०६५ सालमा ४.७९% अंक वृद्धि भएको छ । त्यस्तै २०६६ सालमा लगातार २ वर्षको (छात्रवृति पश्चात) यो पतीशत बढेर ६३.१३% भएको छ । २०६५ को भन्दा १६.४७% ले वढी रहेको छ । यसरी लगातार छात्रवृति प्राप्त गर्ने दलित विद्यार्थीहरुको प्रत्येक वर्षको शैक्षिक उपलब्धि वढ्दो छ । यसले विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## ४.४ दलित छात्रवृतिको समस्याहरुको विश्लेषण

दलित छात्रवृति सम्वन्धि समस्याहरु प्रश्नावली र छलफलद्धारा संकलन गरिएको थियो । संकलित तथ्याङ्कका अनुसार संकलित प्रतिक्रियाहरुलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४, दलित छात्रवृतीको विवरण तथा उत्तरदाताको संख्यात्मक प्रतिक्रिया**

| क.सं. | समस्या विवरण | उत्तरदाताको प्रतिक्रिया | | | | |
|---|---|---|---|---|---|---|
| | | शिक्षक | प्र.अ. | अभिभावक | स्रोत व्यक्ति | जि.शि.अ. |
| १ | छात्रवृति वितरणमा एकरुपता नभएको | १० | ५ | २२ | १ | - |
| २ | विद्यार्थीहरु छात्रवृतिका लागि मात्र विद्यालयमा उपस्थित हुने गरेको । | ८ | ४ | - | १ | - |
| ३ | दलित विद्यार्थीहरुको तथ्याङ्क वमोजिम वास्तविक रुपमै दलित विद्यार्थी भए नभएको अनुगमन नभएको । | ७ | ३ | ४ | १ | - |
| ४ | फ्लास I को कारणले केही दलित विद्यार्थीहरु छात्रवृति पाउनवाट वञ्चित रहेको । | ७ | ५ | २० | १ | - |
| ५ | छात्रवृति वितरणमा माथिल्लो निकायको निर्देशन पालना नभएको । | ७ | ३ | २५ | १ | १ |

**स्रोत : छलफल र अन्तर्क्रिया**

माथिको तालिकाबाट छात्रवृती सम्वन्धि समस्याहरुको विवरणलाई उत्तरदाताहरुको संख्यात्मक प्रतिक्रियाको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

१. छात्रवृति वितरण गर्दा वितरणको समय, वितरण गर्ने रकम , वितरण प्रक्रिया, गर्ने प्रणालीमा एकरुपता नभएको पाइयो । यसरी वितरण समयको उपयुक्तता नहुनु वितरण गर्दा औपचारिक तथा अनौपचारिक दुवै प्रक्रियाद्धारा हुनु छात्रवृति वितरण सम्वन्धिी समस्याहरुको रुपमा रहेको छ ।

२. विद्यालयहरुमा दलित विद्यार्थी भर्ना दोहोरो तेहोरो रहेको पाइयो । केही विद्यार्थीहरुका अभिभावकहरुले दुई वा दुई भन्दा बढी विद्यालयहरुमा आफ्ना वालवालिकाहरुलाई भर्ना गर्रा छात्रवृति प्राप्त गर्ने र छात्रवृतीकै लागि विद्यालयमा चाहार्ने प्रवृति छात्रवृति वितरण सम्वन्धि समस्याको रुपमा देखिन्छ ।

३. दलित छात्रवृति कोटा माग सम्वन्धमा दलित विद्यार्थीहरुको संख्या तथा दलित छात्रवृति कोटाको सम्वन्धमा माथिल्लो निकायबाट उपयुक्त अनुगमन नभएको, छात्रवृति भरपाई विवरण र विद्यार्थी संख्याको तथ्याङ्क वास्तविक भए नभएको हालस्म्म स्रोतकेन्द्र जिल्ला शिक्षा कार्यालयबाट समय समयमा अनुगमन र निरिक्षण कार्य नभएकोले छात्रवृति सम्वन्धि समस्याको रुपमा रहेको छ ।

४. विद्यालयहरुले शैक्षिक सत्रको सुरुमानै क्लास १ भर्ने कार्य गर्दछन् । दलित अभिभावकले शुरुमा भर्ना गरिएको विद्यालयबाट छात्रवृति प्राप्त गरिसकेपछि अर्को विद्यालयमा पनि शैक्षिक सत्रको विचमा विद्यार्थी भर्ना गराउछन् तर क्लास १ भरिसकेको कारणले गर्दा यस्ता विद्यार्थीहरु दलित छात्रवृति नपाउने अवस्थामा पुग्दछन् र छात्रवृतिबाट बञ्चित हुन्छन् । जसको कारणबाट शिक्षक, प्र.अ. संग अभिभावकको झगडा हुने गर्दछ । यो समस्या छात्रवृति सम्वन्धि समस्यको रुपमा रहेको छ ।

५. दलित छात्रवृति वितरणका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग लगायत सरकारी तथा गैह्र सरकारी , सरोकारवाला संघ सस्थाहरुको विचमा सेमिनार गोष्ठी सञ्चालन भई छात्रवृति सम्वन्धि नियम नितीको तर्जुमा हुने गर्दछ । छात्रवृति कार्यक्रममा लक्षित वर्गको पहुँच पुऱ्याउन यस्ता निती नियमहर कार्यान्वयन गर्न निर्देशन गरेपनि विद्यलय प्र.अ. , व्यवस्थापन समितिले छात्रवृति वितरण सम्वन्धमा आफ्नै नियम निती लागु गर्ने परिपाटीले छात्रवृति वितरणमा समस्या देखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निश्कर्ष र सुझावहरु

## ५.१ प्राप्तिहरु

प्राथमिक विद्यालय तहमा दलित छावृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव विषयक अध्ययन शोधपत्र प्राथमिक तथा द्वितीय स्ोत, प्रतिक्रिया, प्रश्नोत्तर, छलफल , सोधखोज र अनुसन्धानद्धारा तयार पारिएको छ । उक्त तथ्याङ्क, सूचना संकलनका लागि सम्वन्धित विद्यार्थीहरु अभिभवकहरु , शिक्षहरु एवं विद्यालय र जि.शि.का.बाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

तथ्याङ्क संकलन पार्ने क्रममा झापा जिल्लाका १७ वटा स्रोत केन्द्रहरु मध्ये नमुना छनौटका आधारमा एउटा स्रोतकेन्द्र छानी त्यस भित्रका २० वटा विद्यालयहरु मध्ये ६ वटा विद्यालयहरु छानी ति विद्यालयका छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरु, तिनका अभिभावकहरु र शिक्षकहरुसंग प्रश्नावली भराईएको र विद्यालय र जि.शि.का.बाट अन्य तथ्याङ्कहरु पनि संकलन गरी त्यसको व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणबाट झापा जिल्लाको प्रा.वि.तहमा जम्मा ९,६८३ दलित विद्यार्थीहरु र अध्ययन क्षेत्रमा ६०१ दलित विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । दलित छात्रवृति वितरणकालागि विदाथीहरुको छनौट गर्दा प्रक्रियामा एकरुपता नभएको पाइयो । छात्रवृति वापत प्राप्त गरेको रकमलाई विद्यार्थीहरुले कापी कलम वा विद्यालय पोशाक किन्नमा खर्च गरेको पाइयो । छत्रवृति वितरण प्रक्रियामा एकरुपता छैन । पचास प्रतिशत विद्यालयले छात्रवृतिको रकम अभिभावकलाई बोलाएर दिएको पाइयो ।

प्राथमिक विद्यालय तहमा वितरती दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव सम्वन्धमा प्राथमिक तथा द्वितइी तथ्याङ्क , प्रतीक्रिया, प्रश्नोत्तर, छलफल, शोधखोज, अनुसन्धान आदिबाट संकलित तथ्याङ्कको व्याख्या र विश्लेषणबाट झापा जिल्लाको प्रा.वि. तहमा ९६८३ विद्यार्थीहरु र अध्ययन क्षेत्रमा १०१५ दलित विद्यार्थीहरु अध्ययन गरीरहेको, दलित छात्रवृति वितरणको प्रभावले गर्दा दलित विद्यार्थी भर्नादर वढ्दै गएको, छात्रवृति वितरणको प्रभावले गर्दा विद्यार्थीहरुको कक्षा नियमितता, शैक्षिक उपलब्धीमा सकारात्मक प्रभाव परेको, दलित छात्रवृति वितरण गर्ने प्रक्रिय निरुपण गर्ने सवालमा विद्यालय देखि केन्द्र तह सम्म नै उदासीन रहेको, छात्रवृतिको रकम न्यून रहेको, विद्यालयमा छात्रवृति वितरण औपचारिक समारोह गरी वितरण गर्नुको सट्टा सामान्य ढङ्गले बाँड्ने चलन रहेको, लक्षित समूहलाई छात्रवृतिको प्रयोग र

उपयोगिता सम्वन्धमा जागरण वा सचेतना नदिएको, सरकारी निती वमोजिमको छात्रवृति कार्यक्रम सञ्चालन नभएको, केही विद्यालयहरुमा दामासाहीको हिसावले छात्रवृति वाँडिएिको जसको कारणले गर्दा एकातीर चुहावट छ भने अर्कोतीर छात्रवृति वितरणको औचित्य नै नरहेका, लगातार छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको विद्यालय छोड्ने दर शुन्य भएको छ र केही विद्यलायहरले दलित विद्यार्थीहरुको तथ्याङ्क  छात्रवृति बुझेको भरपाई नक्कली पाइएको प्राप्तिहरु प्राप्त भएका छन् ।

## ५.२ निश्कर्ष

दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव सम्वन्धमा गरीएको अध्ययनबाट अध्ययन क्षेत्र तथा अध्ययन क्षेत्रको जनसंख्यबाट प्राप्त तथ्याङ्कहरु, प्रतीक्रियाहरु , सुझावहरु र प्राप्त भएका उपलब्धीहरुको व्याख्या र विश्लेषणबाट निकालिएका यी निश्कर्षहरुले राष्ट्रिय स्तरको शैक्षिक क्षेत्रमा भूमिका खेल्न सक्छन् भन्ने कुरालाई नकार्न सकिदैन । यस अध्ययनबाट दलित छात्रवृतिको दलित समुदायमा समाजिक चेतना अभिवृद्धि भई आफ्ना वालवालिकाले पढ्नु पर्छ र आफुले पढाउनु पर्ने कुरामा संदेश प्राप्त गरेको, छात्रवृतिको प्रभावले गर्दा विद्यार्थीहरुको कक्षा नियमिततामा सुधार भएको छ ।

एकवर्ष मात्र छात्रवृति प्राप्त गर्ने विद्यार्थीभन्दा पनि नियमित छात्रवृति प्राप्त गर्ने विद्यार्थीको कक्षा नियमिततामा राम्रो सुधार देखिएको, दलित छात्रवृति रकम न्यून भएकाले गर्दा यसको लक्ष्य पुरा हुने सवालमा गाह्रो देखिएको, छात्रवृति प्राप्त गरेका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार देखिएको, विद्यार्थीहरुको कक्षा नियमिततामा सुधारहुनुको साथसाथै कक्षाकार्य, गृहकार्य गर्ने वानीमा पनि सुधार देखिएकोले शैक्षिक उपलब्धी सुधार देखिएको, दलित छात्रवृति वितरणको लागिजिल्ला शिक्षा कायौलयबाट कुनै निर्देशन र आधार निर्माण नगरीएको  कारणले गर्दा विद्यालयको खातामा जम्मा हुन आएको रकमबाट रु. १५०।-, रु. ३००।- रु.४००।- र रु. ५००।- विना आधार वितरण गरीएको, छात्रवृति वितरण गर्दा सभासमारोहको तरिका अवलम्वन गर्नुपर्ने उत्तर वढी आएपनि उक्त प्रक्रिया नअपनाई विद्यालयले अभिभावक तथा विद्यार्थीहरलाई नै छात्रवृतिको रकम विना कार्यक्रम वितरण गरिएको र समग्रमा दलित छात्रवृतिको कार्यक्रमले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको निश्कर्षहरु प्राप्त भएका छन् ।

## ५.३ सुझावहरु

झापा जिल्लाको प्रा.वि. तहमा वितरण गरिने दलित छात्रवृतिलाई प्रभावकारी रुपमा वितण गरी त्यसबाट शैक्षिक उपलब्धिवृद्धी सकारात्मक गर्न जिल्ला शिक्षा कार्यालयले दलित विद्यार्थीहरुको वास्तविक तथ्याङ्क समयमा नै माग गरी केन्द्रिय निकायमा आवश्यक कोटा माग गर्नु पर्दछ । माग वमोजिम कोटा उपलब्ध भई सकेपछि विद्यालयहरुलाई निर्धारण गरेको कोटा अनुसारको रकम केन्द्र र जिल्लाले समयमा नै विद्यार्थीको हातमा पुग्ने गरी नकाशा गरिदिनुपर्दछ । दलित विद्यार्थी साथ साथै गैह्र दलितका विपन्न विद्यार्थीहरुलाई पनि छात्रवृतिको व्यवस्थागरी विद्यालयमा पहुँच अभिवृद्धि गर्नुपर्दछ । छात्रवृति वितरण गर्दा शैक्षिक सत्रको शुरुमा कुनै निश्चित मिति तोक्नुपर्दछ ।साथै छात्रवृति वितरण गर्दा सवै अभिभावकहरुलाई जानकारी गराई सभा समारोह गोष्ठी संचालन गरी औपचारिकरुपमा वितरण गर्नुपर्दछ । छात्रवृति वापत विद्यार्थीहरुले प्राप्त गर्ने रकम विद्यार्थीहरुका लागि वर्षभरिको शैक्षिक क्रियाकलापहरु गर्न पुग्ने गरी सामग्रीहरु किन्न पुग्ने गरी वितरणको व्यवस्था गर्नुपर्दछ ।

दलित छात्रवृतिको रकम वितणको सट्टा शैक्षिक सामग्री, पोशाक , झोला आदिको रुपमा वितरण गर्दा प्रभावकारी हुने भएकोले जिन्सी सामग्रीहरु नै वितरण गर्नुपर्दछ तर छात्रवृतिको रकम चुहावट वा भ्रष्टचार गर्ने माथि कारवाही गरी दुरुपयोग गर्नेलाई कारवही हुन्छ भन्ने विश्वास दिलाई छात्रवृति वितरणमा पारदर्शिता र जिम्मेवारी बोध गराउनु पर्दछ । उच्च शैक्षिक उपलब्धि हासिल गर्ने दलित छात्रवृति अन्तर्गत जेहेन्दार छात्रवृतिको वइवस्था गर्नु पर्दछ । दलित छात्रवृतिको रकमको सही सदुपयोगको लागि सम्वन्धित अभिभावकलाई वोलाई अभिभावकको रोहोवरमा विद्यार्थीहरुको लागि आवश्यक पर्ने सामग्री कापी, कलम, पोशाक, झोला, जुत्ता आदि खरिद गर्न लगाउने गर्नुपर्दछ । दलित छात्रवृति सवैका लागि भनेकाले सवैको लागि हुनुपर्दछ ।

## सन्दर्भ सामग्री


- अधिकारी, विष्णुप्रसाद (२०६०), *विद्यालय निरिक्षक दिग्दर्शन,* काठमाण्डौ : मकालु बुक्स ।
- घिमिरे, माधवप्रसाद (२०४०), *नेपाली वृहत शब्दकोष,* काठमाण्डौं : राजकिय प्रज्ञा प्रतिष्ठान
- जिल्ला शिक्षा कार्यालय झापा (२०६६), *शैक्षिक तथ्याङ्क,* झापा ।
- थापा, श्रेष्ठ, सिग्देल डा.विजयकुमार, चन्द्रबहादुर, शैलेन्द्रप्रसाद (२०६२) : *व्यवस्थापन सूचना त्रि.वि.वि. २०५४, शैक्षिक विकास तथा अनुसन्धान केन्द्र :प्राथमिक विद्यालय छात्रवृति तथा पोषाक वितरण कार्यक्रम,* काठामाण्डौं : (मूल्याङ्कन प्रतिवेदन) त्रिपुरेश्वर ।
- परियोजना फर्मेटिभ अनुसन्धान (२०६०), *"साप्तहिक पत्रिका"* शैक्षिक विकास तथा अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय
- परियोजना फर्मेटिभ अनुसन्धान (२०६५) अप्रिल *"साप्तहिक पत्रिका"* शैक्षिक विकास तथा अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय
- परियोजना फर्मेटिभ अनुसन्धान (२०६५) डिसेम्वर *"साप्तहिक पत्रिका"* शैक्षिक विकास तथा अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय
- पाण्डे, रेणुका (२०६१) : *वाग्लुङ जिल्लामा प्राथमिक तहको छात्रवृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव एक अध्ययन शोधपत्र* अप्रकासितकृति ।
- बराईली (२०६५): *लुकेको आवाज त्रैमाशिक* बखुण्डोल ललितपुर ( ने.रा.द.स.क.सं.) ।
- रावत, बमबहादुर (२०६२) : *प्राथमिक तहमा वितरित दलित छात्रवृतिको प्रभावकारिता शोधपत्र* अप्रकासितकृति ।
- लामगादे, भोजमान(२०६४) : *संविधान सभामा दलित समुदायको प्रतिनिधित्व ।*
- वाग्ले, मनप्रसाद (२०६६) : *प्राथमिक शिक्षा* भोटाहिटि काठमाण्डौ. ।
- विश्वकर्मा , भक्त (२०६५) : *अनुसुचन अनारमनी झापा अनुसुचन प्रकाशन समूह ।*
- विश्वकर्मा, भक्त (२०६४) : *संविधान सभा प्रक्रिया गठन र दलितको सहभागिता* (ने.रा.द.स.क.सं.) बखुण्डोल ललितपुर ।
- विश्वास , वि.क. त्रिलोकचन्द (२०६५) : *लुकेको आवाज त्रैमाशिक* बखुण्डोल ललितपुर (ने.रा.द.स.क.सं.)
- यादव (२०६५): *डोम मेहतरहरुको शिक्षाप्रतिको आकर्षण ।*
- शर्मा एण्ड शर्मा, चिरञ्जीवी, निर्मला (२०६४) : *शिक्षाको दर्शन शास्त्रिय र समाजशास्त्रिय आधार एम.के पब्लिशर्स विद्यार्थी पुस्तक भण्डार* भोटाहीटी काठमाण्डौं
- *प्रणली र मानव संशाधन विकास विद्यार्थी पुस्तक भण्डार* भोटाहीटी काठमाण्डौ ।

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसूची - १

### जि.शि.अ.का लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. जि.शि.अ.ज्यू , तपाईको जिल्लामा यस वर्ष तथ्याङ्क बमोजिम प्राथमिक तहमा कति दलित विद्यार्थीहर अध्ययनरत छन् ?

उत्तर :-

प्रश्न नं.२. दलितका लागि छात्रवृति कोटा कति निकाशा भएको छ ?

उत्तर :-

प्रश्न नं.३. दलित छात्रवृति वितरणको आधार के लाई वनाउनु भएको छ ?

क) विद्यार्थी संख्या ☐ ख) भौगोलिक क्षेत्र ☐ ग) शैक्षिक उपलब्धि ☐

घ) विद्यार्थीको उपलब्धता ☐

प्रश्न नं.४. छात्रवृतिको वितरणको समय कुन निर्धारण गर्नुभएको छ ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.५ दलित छात्रवृति कोटा वितरणमा कोबाट दवाब पर्छ ?

क) राजनितिक दल ☐ ख) प्र.अ.हरु ☐ ग) व्यवस्थापन समिति ☐

प्रश्न नं.६. छात्रवृति वितरण सम्वन्धी दवावको समस्यालाई कसरी समाधान गर्नुहुन्छ ?

क) शैक्षिक नितिको आधारमा ☐ ख) मानिदिएर ☐

ग) छलफल तथा अन्तर्क्रियाद्धारा ☐

प्रश्न नं.७. विद्यालयहरुलाई छात्रवृति वितरणको प्रक्रिया सम्वन्धमा कस्तो निर्देशन दिनुहुन्छ?

क) सभा समारोह आयोजनाद्धारा ☐ ख) अभिभावकलाई हस्तान्तरण गरेर ☐

ग) विद्यार्थीलाई नै बाँडिदिएर ☐ घ) कुनै निर्देशन नै नदिने ☐

प्रश्न नं.८. छात्रवृति वापत के दिने निर्देशन दिनुहुन्छ ?

क) नगद ☐ ख) जिन्सी ☐ ग) नगद तथा जिन्सी दुबै ☐

प्रश्न नं.९. छात्रवृति वितरणको अनुगमनका लागि के गर्नुहुन्छ ?

क) प्रतिनिधि पठाउँने व्यवस्था ☐ ख) टोली वनाई अनुगमन गर्ने कार्य ☐

ग) सरोकारवालाहरु संग भेटघाट गरेर ☐ घ) अनुगमन नै गरिदैन ☐

प्रश्न नं.१०. छात्रवृति वितरणको समय यहाँलाई कस्ते लागेको छ ?

क) सान्दर्भिक ☐ ख) असान्दर्भिक ☐ ग) ठिक ठिकै ☐

प्रश्न नं.११. छात्रवृति वितरणको समय असान्दर्भिक लाग्नुको कारण के हो ?

उत्तर :-

प्रश्न नं.१२. छात्रवृति वितरणद्धारा लक्षितवर्गा कुनरुपमा लाभान्वित भएको छ ?

उत्तर :-

प्रश्न नं.१३. छात्रवृति लक्षितवर्गमा पुग्ने सवालमा को दोषी देखिन्छ ?

क) प्र.अ. ☐ ख) शिक्षक ☐ ग) विद्यालय व्यवस्थापन समिति ☐

घ) जि.शि.का. ☐

प्रश्न नं.१४. दलित छात्रवृतिको कस्तो सदुपयोग भएको पाउनु भएको छ ?

क) अत्यन्त राम्रो ☐ ख) राम्रो ☐ ग) नराम्रो ☐

प्रश्न नं.१५. छात्रवृतिको दुरुपयोग को बाट भएको छ ?

क) विद्यालय प्र.अ. ☐ ख) अभिभावक ☐ ग) शिक्षक ☐ घ) वि.व्य.स. ☐

प्रश्न नं.१६. छात्रवृति वितरणमा देखिएका समस्याहर कुन कुन छन् ?

उत्तर :-

प्रश्न नं.१७. छात्रवृति वितरणलाई बैज्ञानिक प्रभावकारी र उपलब्धिमुलक बनाउने सुझावहरु के के छन् ?

उत्तर :-

........................... ................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसुची १ क

## स्रोत व्यक्तिका लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. तपाईको स्रोतकेन्द्र अन्तर्गत पर्ने समूह विद्यालयहरुमा अध्ययनरत दलित वालवालिकाहरको सङ्ख्या कति छ ?

उत्तरः-

प्रश्न नं.२. स्रोतकेन्द्र अन्तर्गत अध्ययनरत दलित विद्यार्थीहरुको सङ्ख्या कूल विद्यार्थीहरुको सङ्ख्याको कति प्रतिशत हो ?

उत्तर :-

प्रश्न नं.३. ती विद्यार्थीहरुको सहजै देखिने भर्नादर र खुद भर्नादर कति कति होला ?

क) GER = ☐ ख) NER = ☐

प्रश्न नं.४ समूह विद्यालयहरुका प्राथमिक तह उत्तिर्णगरी कक्षा ६ मा अध्ययनरत दलित विद्यार्थीहरु (छात्र छात्रा) कति छन् ?

क) छात्रा ☐ ख) छात्र ☐ ग) जम्मा ☐

प्रश्न नं.५.दलित छात्रवृति कुन तरिकाले वितरण गरेको पाउनु भएको छ ?

क) सभा समारोह गरेर ☐ ख) अभिभावक वोलाएर ☐

ग) विद्यार्थीलाई नै दिएर ☐ घ) अन्य ☐

प्रश्न नं.६. विद्यालयमा अध्ययनरत दलित छात्रवृति प्रदान गर्ने कसरा दलित अभिभावकलाई कुन रुपमा जानकारी छ ?

क) पूर्णजानकारी ☐ ख) आंसिक जानकारी ☐ ग) जानकारी नै छैन ☐

प्रश्न नं.७. अभिभावकलाई जानकारी गराउने कुन तरिका उपयुक्त लाग्छ ?

क) गोष्ठी ☐ ख) पर्चा पम्प्लेट ☐

ग) इलेक्ट्रोनिक मिडिया ☐ घ) छलफल ☐

प्रश्न नं.८. तपाईको अध्ययन अनुसार दलित छात्रवृतिको सहि सदुपयोग भउको छ ?

क) भएको छ ☐ ख) भएको छैन ☐ ग) आंसिक रुपमा भएको छ ☐

प्रश्न नं.९. दलित छात्रवृतिको सदुपयोग भउको छैन भने मूख्य रुपमा को जिम्वेवार छ ?

क) प्र.अ. ☐ ख) स्रोत व्यक्ति ☐ ग) जि.शि.का. ☐

घ) अभिभावक ☐ ङ) विद्यार्थी ☐

प्रश्न नं.१०. छात्रवृति वितरणको उपयूक्त समय कुन होला ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.११. तपाईलाई छात्रवृतिको समय कस्तो लाग्छ ?

क) उपयुक्त ☐ ख) अनुपयुक्त ☐

प्रश्न नं.१२. छात्रवृति वितरणको समय उपयुक्त नलाग्नुको कारण के हो ?

उत्तर :-

प्रश्न नं.१३. छात्रवृतिले विद्यार्थीको शैक्षिक उपलब्धिमा कस्तो असर पारेको छ ?

क) सकारात्मक ☐ ख) नकारात्मक ☐

प्रश्न नं.१४ छात्रवृति वितरण सम्वन्धि सुझावहरु के के छन् ?

उत्तर :-

............................ ................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसूची २

## प्र.अ.का लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. तपाईको विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरुको संख्या कति छ ?

उत्तर :-

प्रश्न नं.२. दलित विद्यार्थीहरु कति अध्ययनरत छन् ?

उत्तर :-

प्रश्न नं.३. तपाईको विद्यालयलाई शै.स.२०६५ को लागि दलित छात्रवृति शीर्षकमा कति रकम निकाशा भएको छ ?

उत्तर :-

प्रश्न नं.४. विद्यालयमा अध्ययनरत कति विद्यार्थीहरुले छात्रवृति पाएका छन् ?

क) सम्पूर्णले पाएका छन् ☐ ख) आधाले पाएका छन् ☐

ग) थोरैले पाएका छन् ☐ घ) एक तिहाइले पाएका छन् ☐

प्रश्न नं.५ थोरै विद्यार्थीले प्राप्त गर्ने कारण के हो ?

क) कोटा पुग्ने भएकोले ☐ ख) कम माग गरेको हुनाले ☐

ग) ऋाइटएरिया भित्र नपरेकोले ☐ घ) अन्य ☐

प्रश्न नं.६. दलित छात्रवृति वितरणले वालवालिकाहरुको भर्नादर संख्यात्मकरुपमा कस्तो बढाएको छ ?

क) धेरै ☐ ख) थोरै ☐ ग) सामान्य ☐

प्रश्न नं.७. गत वर्षको तुलनामा यस वर्ष दलित विद्यार्थीहरुको भर्नादरमा कति प्रतिशतले वृद्धि भएको छ ?

उत्तर :-

प्रश्न नं.८. दलित छात्रवृतिले अपेक्षित विद्यार्थी आकर्षण गर्न नसक्ने कारण के हो ?

क) छात्रवति सम्वन्धि प्रचार प्रसारको अभाव ☐ ख)छात्रवृति रकम थोरै हुनु ☐

ग) छात्रवृति समयमा नवाढ्नु ☐ घ) घरको कामबाट फुर्सद नहुनु ☐

प्रश्न नं.९. दलित विद्यार्थीहरुको सहजै देखिने भर्नादर र खुद भर्नादर कति छ ?

क) GER = ☐ ख) NER = ☐

प्रश्न नं.१० छात्रवृति पाउँने विद्यार्थीहरु कुन रुपमा विद्यालय आउछन् ?

क) नियमित ☐ ख) आंसिक ☐ ग) पाएपछि आउँदैनन् ☐

प्रश्न नं.११. छात्रवृति पाउँने दलित विद्यार्थीहरुको उत्तिर्ण अवस्था कस्तो छ ?

क) राम्रो ☐ ख) सामान्य ☐ ग) नराम्रो ☐

प्रश्न न..१२. छात्रवृती स्वरुप के वितरण गर्नु हुन्छ ?

क) नगद ☐ ख) जिन्सी ☐ ग) नगद र जिन्सी दुवै ☐

प्रश्न नं. १३. छात्रवृति वितरणको समय कुन निर्धारण गर्नु भएको छ ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.१४. छात्रवृति वितरणको उपयूक्त समय कुन होला ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं. १५. छात्रवृति वितरण प्रविधी कुन अपनाउनु हुन्छ ?

क) सभा समारोह गरेर ☐ ख) अभिभावक वोलाएर ☐

ग) विद्यार्थीलाई नै दिएर ☐ घ) घरमा पठाएर ☐

प्रश्न नं.१६. सम्वन्धित माथिल्ला निकायबाट छात्रवृति वितरणको अनुगमन को बाट हुन्छ ?

क) जि.शि.अ. ☐ ख) वि.नि. ☐ ग) स्रोत व्यक्ति ☐

प्रश्न नं. १७. दलित छात्रवृति सम्वन्धि सकारात्मक र नकारात्मक पक्षहरु के के छन् ?

उत्तर :- सकारात्मक पक्षहरु :-

नकारात्मक पक्षहरु :-

.......................... ................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

## दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

### अनुसूची २ क

### शिक्षकका लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. तपाईको विद्यालयको सेवा क्षेत्र भित्र दलित समुदायको वस्ती कस्तो छ ?

क) बाक्लो ☐ ख) पातलो ☐ ग) वस्ती नै छैन ☐

प्रश्न नं.२. तपाईको विद्यालयले राष्ट्रिय रुपमा संचालित घरदैलो कार्यक्रमलार्य कस्तो रुपमा संचालन गरेको छ ?

क) प्रभावकारी ☐ ख) सामन्य ☐ ग) अप्रभावकारी ☐

प्रश्न नं.३. घरदैलो कार्यक्रम गर्दा (६-१०) उमेरका धेरै दलित वालवालिकाहर भर्ना दर के छ ?

क) अत्याधिक ☐ ख) सामान्य ☐ ग) भर्नादरमा वृद्धि भएको छैन ☐

प्रश्न नं.४. प्राथमिक विदालय उमेरका धेरै वालवालिकाहर विद्यालय वाहिर रहने कारण के हो ?

क) गरिबी ☐ ख) चेतनाको अभाव ☐ ग) उत्तप्रेरित गर्न नसक्नु ☐

घ) भौगोलिक कारण ☐

प्रश्न नं.५. दलित छात्रवृति कार्यक्रमले दलित वालवालिकाहरुलार्य विद्यालय शिक्षाको लागि कस्तो प्रभाव पारेको छ ?

क) अति राम्रो ☐ ख) राम्रो ☐ ग) आंसिक ☐

प्रश्न नं.६. दलित वालवालिकाहरुलाई दिने छात्रवृति रकम सबालमा के भन्नुहुन्छ ?

क) हटाउनु पर्छ ☐ ख) घटाउनु पर्छ ☐ ग) बढाउनु पर्छ ☐

प्रश्न नं.७. छात्रवृति वितरणको समय कुन उपयूक्त होला ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.८. दलित छात्रवृतिले दलित विद्यार्थीको कक्षा निरन्तरता र शैक्षिक उपलब्धिमा कस्तो असर पारेको छ ?

क) उत्तम ☐ ख)मध्यम ☐ ग) सामान्य ☐

प्रश्न नं.९. दलित छात्रवृति  वितरणमा देखिएको समस्याहरु के के छन् ?

उत्तर :-

प्रश्न नं.१०. दलित छात्रवृति वितरणलाई प्रभावकारी र उपलब्धिमूलक बनाउने सुझावहरु के के छन् ?

उत्तर :-

.......................... ................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसूची २ ख

## दलित विद्यार्थीका लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. तिमीले छात्रवृति पाएका छौं ?

क) पाएको छु ☐ ख) पाएको छैन ☐

प्रश्न नं.२. छात्रवृति वापत के पाएका छौं ?

क) नगद ☐ ख) जिन्सी ☐ ग) केहि नगद र केहि जिन्सी ☐

प्रश्न नं.३. कति नगद पाएका छौं ?

उत्तर :- .................. रुपयाँ

प्रश्न नं.४ छात्रवृति रकम कस्ले बुझ्दछ ?

क) आफैले ☐ ख) अभिभावकले ☐ ग) छिमेकीले ☐

प्रश्न नं.५. छात्रवृति वापत पाएको रकमको सदुपयोग कसरी गर्दछौं ?

क) पढ्नकालागि चाहिने सामान किनेर ☐ ख) घर खर्च गरेर ☐

ग) केहि सामन किनेर केहि घर खर्च गरेर ☐

प्रश्न नं.६.के तिमी नियमित विद्यालय जान्छौं ?

क) जान्छु ☐ ख) जादिन ☐ ग) कहिले काहि मात्र जान्छु ☐

प्रश्न नं.७. किन सधैं विद्यालय जादैनौं ?

क) घरको काम गर्नु पर्छ ☐ ख) पढ्न मन लाग्दैन ☐

ग) कापी कलम छैन ☐ घ) विद्यालयमा भेदभाव गर्छन ☐

प्रश्न नं.८. विद्यालय पढ्न गएमा छात्रवृति वापत रकम पाइनछ भन्ने कुरा को बाट थाहा पायौ ?

क) साथीभाई ☐ ख) छिमेकी ☐ ग) शिक्षक ☐

प्रश्न नं.९. तिम्रै उमेरका अरु गाउँले साथीभाईहरु विद्यालय आउने कति छन् ?

क) धेरै ☐ ख) थोरै ☐

प्रश्न नं.१०. तिम्रो परीक्षा परिणाम कस्तो छ ?

क) उत्तिर्ण ☐ ख) अनुत्तिर्ण ☐ ग) उत्तारित ☐

प्रश्न नं.११. यो दलित छात्रवृति रकम कहिले वितरण गरे राम्रो हुन्थ्यो होला ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.१२. के यो छात्रवृति रकम नपाउँदा विद्यालय आउँछौं ?

क) आउँछु ☐ ख) आउँदिन ☐

प्रश्न नं.१३. विद्यालयमा शिक्षकहरुले तिमी संग कस्तो व्यवहार गर्नुहुन्छ ?

क) राम्रो ☐ ख) सामान्य ☐ ग) भेदभाव गर्नु हुन्छ ☐

प्रश्न नं.१४. विद्यालयमा अरु साथीहरुले कस्तो व्यवहार गर्छन ?

क) राम्रो ☐ ख) नराम्रो ☐ ग) भेदभाव गर्छन ☐

........................... .................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसूची ३

### अभिभावकका लागि प्रश्नावली

नाम :- ठेगाना :-

प्रश्न नं.१. तपाईका ६ वर्ष देखि १० वर्षका सवै नानीहरु विद्यालय जान्छन् ?

क) जान्छन् ☐ ख) जादैनन् ☐ ग) केही जान्छन केही जादैनन् ☐

प्रश्न नं.२. सवै नजाने कारण के हो ?

क) घरको कामले गर्दा ☐ ख) रकम नभएर ☐

ग) सवैलाई पढाउने जरुरी नठानेर ☐

प्रश्न नं.३. तपाईका छोरा छोरीले छात्रवृति पाउँछन् भन्ने कुरा कहाँबाट थाहा पाउनु भयो ?

क) रेडिया ☐ ख) टेलीभिजन ☐ ग) शिक्षक ☐ घ) थाहा थिएन ☐

प्रश्न नं.४. विद्यालयले दिने छात्रवृति लिन को जानु हुन्छ ?

क) आफै ☐ ख) दाजु दिदी ☐ ग) विद्यार्थीहरुले नै वुभ्दछन् ☐

प्रश्न नं.५. छात्रवृति स्वरुप विद्यालयले के दिने गरेको छ ?

क) नगद ☐ ख) जिन्सी ☐ ग) नगद र जिन्सी दुवै ☐

प्रश्न नं.६. छात्रवृतिको रकम वाँड्दा कुन समयमा वाँड्ने गरेको छ ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.७.छात्रवृतिबाट पाएका रकमलाई केमा खर्च गर्नुहुन्छ ?

क) घर काजमा ☐ ख) बच्चाको पढाईमा ☐ ग) ऋण तिर्न ☐

प्रश्न नं.८.छात्रवृति वितरणको समय कुन ठिक होला ?

क) शैक्षिक सत्रको सुरुमा ☐ ख) शैक्षिक सत्रको मध्यमा ☐

ग) शैक्षिक सत्रको अन्त्यमा ☐

प्रश्न नं.९. केटाकेटीहरुलाई विद्यालय कुन रुपमा पठाउनु हुन्छ ?

क) नियमित ☐ ख) कहिले काँही ☐

प्रश्न नं.१०. छात्रवृति पाएपछि तपाईका छोरा छोरीले परीक्षामा कस्तो गरेका छन् ?

क) अति राम्रो ☐ ख) राम्रो ☐ ग) उत्तारित ☐

प्रश्न नं.११ तपाईलाई खानलाउन पुग्ने गरि जग्गा जमिन छ ?

क) छ ☐ ख) छैन ☐ ग) दुःखले पुग्छ ☐

प्रश्न नं.१२. तपाईले मूल रुपमा कुन पेषा गर्नु हुन्छ ?

क) खेती ☐ ख) फलामको काम ☐ ग) मज्दुरी ☐ घ) व्यापार ☐

प्रश्न नं.१३. तपाईको वार्षिक आम्दानी कति छ ?

उत्तर :-

प्रश्न नं.१४. दलित छात्रवृति सम्वन्धमा सुझावहरु के के दिनु हुन्छ ?

उत्तर :-

........................... ................................

उत्तरदाताको हस्ताक्षर शोधार्थीको हस्ताक्षर

## अनुसुची ४

### २०६४ मा छात्रवृति प्राप्त गर्ने को शैक्षिक उपलब्धि (छात्रवृति वितरण पूर्व)

| क्र.सं. | प्राप्ताङ्क प्रतीशत | M | F | FM |
|---|---|---|---|---|
| १ | ०-१० | ५ | ० | ० |
| २ | १०-२० | १५ | ० | ० |
| ३ | २०-३० | २५ | ० | ० |
| ४ | ३०-४० | ३५ | १० | ३५० |
| ५ | ४०-५० | ४५ | २० | ९०० |
| ६ | ५०-६० | ५५ | ० | ० |
| ७ | ६०-७० | ६५ | ० | ० |
| ८ | ७०-८० | ७५ | ० | ० |
| ९ | ८०-९० | ८५ | ० | ० |
| १० | ९०-१०० | ९५ | ० | ० |
| | | | N = 30 | Fm = 1250 |

यहाँ M = आवृतीको मध्यविन्दु

N = आवृतीको योगफल

F = आवृती

X = मध्यक = ?

मध्यक $X = \frac{\sum fm}{N} = \frac{1250}{30} = 41.67$

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसुची ५

### २०६५ मा छात्रवृति प्राप्त गर्ने २०६६ को शैक्षिक उपलब्धि (छात्रवृति पश्चात)

| क्र.सं. | प्राप्ताङ्क प्रतीशत | M | F | FM |
|---|---|---|---|---|
| १ | ०-१० | ५ | ० | ० |
| २ | १०-२० | १५ | ० | ० |
| ३ | २०-३० | २५ | ० | ० |
| ४ | ३०-४० | ३५ | ० | ० |
| ५ | ४०-५० | ४५ | ० | ० |
| ६ | ५०-६० | ५५ | ५ | २७० |
| ७ | ६०-७० | ६५ | २५ | १६२५ |
| ८ | ७०-८० | ७५ | ० | ० |
| ९ | ८०-९० | ८५ | ० | ० |
| १० | ९०-१०० | ९५ | ० | ० |
| | | | N = 30 | Fm = 1895 |

यहाँ M = आवृतीको मध्यविन्दु

N = आवृतीको योगफल

F = आवृती

X = मध्यक = ?

मध्यक $X = \frac{\sum fm}{N} = \frac{1895}{30} = 63.16$

# दलित छात्रवृतिले शैक्षिक उपलब्धीमा पारेको प्रभाव

## अनुसुची ६

### २०६४ मा छात्रवृति प्राप्त गर्ने २०६५ को शैक्षिक उपलब्धि (छात्रवृति पश्चात)

| क्र.सं. | प्राप्ताङ्क प्रतीशत | M | F | FM |
|---|---|---|---|---|
| १ | ०-१० | ५ | ० | ० |
| २ | १०-२० | १५ | ० | ० |
| ३ | २०-३० | २५ | ० | ० |
| ४ | ३०-४० | ३५ | ० | ० |
| ५ | ४०-५० | ४५ | २५ | ११२५ |
| ६ | ५०-६० | ५५ | ५ | २७५ |
| ७ | ६०-७० | ६५ | ० | ० |
| ८ | ७०-८० | ७५ | ० | ० |
| ९ | ८०-९० | ८५ | ० | ० |
| १० | ९०-१०० | ९५ | ० | ० |
| | | | N = 30 | Fm = 1400 |

यहाँ M = आवृतीको मध्यविन्दु

N = आवृतीको योगफल

F = आवृती

X = मध्यक = ?

मध्यक $X = \frac{\sum fm}{N} = \frac{1400}{30} = 46.66$